का.जि.प्र.का.द.नं. १००/०५२/५०
२७ फागुन २०८२
बुधबार
11 March 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २४, अंक ४८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# शक्तिशाली सरकार सशक्त सडक

प्रतिपक्षी बेन्चमा देखिनुपर्ने प्रभावशाली नेताहरू सडकमा पुगेकाले विगतजस्तो सरकारलाई सदनबाटै खबरदारी गर्ने हैसियतसमेत पुराना दलहरूले गुमाएका छन् ।








"सत्ताको जिम्मेवारी लिनेले देश र जनहितमा रहेर प्रजातान्त्रिक तबरले सरकार चलाउनुपर्छ । हामीले लोकतान्त्रिक मूल्य मान्यताभित्र रहेर जिम्मेवार प्रतिपक्षको भूमिकामा कमी हुन दिँदैनौं ।

**गुरूराज घिमिरे**
महामन्त्री, नेपाली कांग्रेस



"अनपेक्षित परिणाम भए पनि लोकतान्त्रिक विधिबाट आएको मतादेशलाई स्विकार्दै फेरि जनताको विश्वासयोग्य पार्टी बनाउन संसदबाहिरै बसेर पनि नागरिकको आवाज निरन्तर उठाइरहन्छौं ।

**गोकर्ण विष्ट**
उपाध्यक्ष, नेकपा एमाले



"राजनीति भनेको जनताको सेवा गर्ने हो । सडकमा होस् या सदनमा हामी जनताकै सेवामा रहन्छौं । सरकारका कामका आधारमा हामीले सडकबाटै खबरदारी गर्न सक्छौं ।

**उपेन्द्र यादव**
अध्यक्ष, जसपा नेपाल

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २६ फागुन

दुईतिहाइ बहुमतसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सत्तारोहण गर्दा तीन दशकदेखि सत्ता चलाइरहेका पुराना दलहरू सडकमा पुगेका छन् । संसद्मा प्रतिपक्ष स्वर कमजोर हुँदा विपक्षी दलहरूको आवाज सडकबाट सशक्त रूपमा उठ्ने देखिएको छ ।

पालैपालो सरकार चलाएका मुख्य तीन दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टीको उपस्थिति संसद्मा एकचौथाइमा खुम्चिएको छ । प्रमुख प्रतिपक्षी कांग्रेसका सभापति गगन थापा स्वयं दलको नेता हुने छैनन् । तेस्रो दल एमाले अध्यक्ष केपी शर्मा ओली मात्र होइन राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसमेत संसद्बाहिरै छन् । मधेशकेन्द्रित दलहरूको उपस्थिति शून्य छ । त्यसैले सरकारलाई काउन्टर गर्ने विपक्षी दलको प्लेटफर्म सडक नै हुने देखिन्छ ।

तीन वर्षअघि गठन भएको रास्वपा केही महिनामै २० सिटसहित चौथो शक्ति बनेर संसद्मा पुगेको थियो । तीन वर्षपछि कांग्रेस, एमाले र नेकपालाई पछि पार्दै रास्वपाले शानदार जितसहित सत्तारोहण गर्न लागेको हो । लामो राजनीतिक संघर्ष र योगदानको लिगेसी बोकेका कांग्रेस-एमाले र नेकपाका अधिकांश शीर्ष नेताहरूले यो निर्वाचनमा हार बेहोर्नुपरेको छ । पूर्वप्रधानमन्त्रीमध्ये नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डबाहेक अरूले चुनाव जित्न सकेनन् । पार्टीका दोस्रो तहका प्रभावशाली नेताहरू पनि संसद् पुग्न सकेनन् । कांग्रेस र एमालेका चुनाव लडेका सबै पदाधिकारी हारेका छन् । अनुभवी सांसद नपुग्दा संसद्मा कस्तो प्रभाव पर्ला भन्ने विश्लेषण हुन थालेको छ ।

रास्वपाले दुईतिहाइ बहुमतको सरकार बनाउँदा प्रतिपक्षी बेन्चमा देखिनुपर्ने प्रभावशाली नेताहरू सडकमा पुगेकाले विगतजस्तो सरकारलाई खबरदारी गर्ने हैसियतसमेत पुराना दलहरूले गुमाएको राजनीतिक विश्लेषक मुमाराम खनाल बताउँछन् । 'केवल सत्ताप्राप्तिका लागि दलहरूले गरेका गतिविधिप्रति आमनागरिक असन्तुष्ट थिए,' उनले भने, 'त्यसैको परिणामस्वरूप पुराना दल र तीनका शीर्ष नेताहरूले नै निर्वाचनबाट नसियत पाएका हुन् ।' तर रास्वपाले पाएको दुईतिहाइ जनमत थेग्न सक्छ कि सक्दैन भन्ने प्रश्न मुख्य बनेको उनको टिप्पणी छ । 'संसद्मा बलियो प्रतिपक्षसमेत नरहनेगरी दिएको दुइतिहाई जनमतको भारी थेग्नु रास्वपाका लागि निकै चुनौतीपूर्ण रहन्छ,' उनले भने ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका प्रभावशाली नेताहरू सदनमा नदेखिँदा प्रतिपक्षी दलको नेता को होला भन्ने आमचासो छ । सरकार शक्तिशाली भए पनि जिम्मेवार र सशक्त प्रतिपक्षको भूमिका प्रभावकारी ढंगले निभाउने कांग्रेस महामन्त्री गुरुराज घिमिरे बताउँछन् । उनले मध्यान्हसँग भने, 'सत्ताको जिम्मेवारी लिनेले देश र जनहितमा रहेर प्रजातान्त्रिक तवरले सरकार चलाउनुपर्छ । हामी लोकतान्त्रिक मूल्यमान्यताभित्र रहेर जिम्मेवार प्रतिपक्षको भूमिकामा कमी हुन दिदैनौं ।' जनताले दिएको म्यान्डेटअनुसार सरकारको कार्यशैली, गुण र दोषका आधारमा आवश्यक सहयोग र खबरदारी दुवै गर्ने उनको भनाइ छ ।

दुईतिहाइ मतसहित सत्ताको बागडोर सम्हाल्न पुगेको रास्वपाले चुनावअघि नै वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)लाई प्रधानमन्त्रीका रूपमा अघि सारेको छ । अहिलेको चुनावी लहर खासमा उनै बालेनप्रतिको आकर्षण पृष्ठ २ मा

# मतपत्रमा ढुंगा !

## अधिकांश बदर मत दुई छाप लागेका

'केही नेताले 'आफ्नो पार्टी छोड्नुपर्दैन, एक भोटचाहिँ हामीलाई दिनुहोस्' भनेकोलाई नबुझेका कारण पनि एउटै मतपत्रमा दुइटा स्वस्तिक छाप लगाएजस्तो देखिन्छ'



**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं २६ फागुन ।

–'मेचीदेखि महाकालीसम्म, पहाडदेखि तराईसम्म गरिबको नाम बेची अमिर(ले) लुट्छन् । टाइममा खाद(मल) पाउन दहडी(मेला) छोडेर जानुपर्छ .....विश्वासमा भोट दिएको छु जेन्जीबाबु –म किसान'

–'नयाँ नेपाल बनाउनुपर्‍यो'

–'भ्रष्टाचार हटाउनुपर्‍यो'

फागुन २१ गते भएको मतदानका क्रममा विभिन्न जिल्लामा मतदाताले मतपत्रमा स्वस्तिक छाप लगाउनुको साटो यस्ता बेहोरा लेखेर वा लेखिएको चिर्कटो मतपत्रमा बेरेर बाकसमा खसालेका छन् ।

यसपटक मतपत्रमा विभिन्न ढंगले असन्तोष प्रकट गर्ने तथा एकै मतपत्रमा दुईवटा चिह्नमा स्वस्तिक छाप लगाइएको देशैभरि पाइएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भण्डारीका अनुसार मंगलबार बेलुका अन्तिम परिणाम आउँदै गर्दा ग्रामीण भेगजत्तिकै सहरी क्षेत्रमा समेत बदर भएको मतको संख्या तीन दशमलव पाँच प्रतिशतको हाराहारीमा पाइएको छ । खासगरी प्रत्यक्षतर्फ बदर मतको संख्या समानुपातिक मतपत्रको तुलनामा अत्यधिक भएको उनले बताए । मध्यान्हले मंगलबार विभिन्न जिल्लाका निर्वाचन अधिकृतसँग यसबारे कुरा गर्दा केही चुनाव क्षेत्रहरूमा बदर मतको संख्या ६ प्रतिशतसम्म पुगेको जानकारी दिए ।

काठमाडौं क्षेत्र नं १०की निर्वाचन अधिकृत अमृताकुमारी शर्माका अनुसार बदर मतमध्ये सर्वाधिक संख्या दुईवटा चिह्नमा स्वस्तिक छाप लागेका छन् । यसैगरी केही मतपत्रमा ल्याप्चे लगाइएको, कुनैमा कतै पनि स्वस्तिक छाप नलगाइएको र कुनैमा दुवै चिह्नमा पर्ने गरी स्वस्तिक लगाइएको देखिएको छ ।

लमजुङका मुख्य निर्वाचन अधिकृत शिशिरराज ढकालका अनुसार त्यहाँ बदर मतपत्रमध्ये सबैभन्दा बढी संख्या एकभन्दा बढी चिह्नमा छाप लगाइएका मतपत्रको छ । प्रत्यक्षतर्फ सर्वाधिक मत प्राप्त गर्ने उम्मेदवार पहिलो, निकटतम प्रतिद्वन्द्वी दोस्रो क्रममा राख्ने हो भने पाँचौं मत बदर भएको हुने उनले बताए । 'निर्वाचन प्रचारका क्रममा केही नेताले 'तपाईंले पार्टी बदल्नुपर्दैन, एक भोटचाहिँ हामीलाई दिनुहोस्' भनेकोलाई नबुझेका कारण पनि एउटै मतपत्रमा दुईवटा स्वस्तिक छाप लगाएजस्तो देखिन्छ,' उनले भने ।

रुपन्देही-३का मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतले दुई चुनाव चिह्नमा छाप लगाइएका पृष्ठ २ मा

### यसकारण धेरै मत बदर

निर्वाचन आयोगका अनुसार मत बदर हुनुको कारण सबै समयमा एकै किसिमका छैनन् । 'निर्वाचनको इतिहास' र 'बीपी-महेन्द्र टकराव' पुस्तकमा उल्लेख गरिएअनुसार २०१५ सालको आमनिर्वाचनमा मतपेटिकाबाहिर खसेको मत बदर हुन्थ्यो । त्यसबेला उम्मेदवारका लागि छुट्टाछुट्टै मतपेटिका हुन्थे । मतपत्रमा 'पहिलो आमचुनाव' लेखिएको मतपत्र (चिर्कटो) पतपेटिकामा खसाल्नुपर्दथ्यो । बाहिर परेको मत बदर हुन्थ्यो ।

२०४८ यता भने मत बदर हुने अवस्था केही फेरियो । २०८२ सालसम्म आउँदा पनि मत बदर हुने क्रम जारी छ । बरु समयअनुसार यसका कारण र प्रवृत्ति फेरिएको छ ।

| चुनाव | बदर मत प्रतिशत |
|---|---|
| २०७९ | ५.१९ |
| २०७४ | ५.१६ |
| २०७० | ४.९६ |
| २०६४ | ५.१५ |
| २०५६ | २.७५ |
| २०५१ | ३.१६ |
| २०४८ | ४.४२ |

निर्वाचन आयोगका अनुसार सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको मतपत्र भए स्वत: बदर गरिएको छ ।

औँठाछाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक पृष्ठ २ मा

# अघि बढ्यो नयाँ प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ फागुन

नयाँ प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढेको छ । वर्तमान प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले ६५ वर्षे उमेरहदका कारण आउँदो चैत १८ गतेदेखि अनिवार्य अवकाशमा जाँदै छन् । पद रिक्त हुनुभन्दा एक महिनाअघि नै नयाँ प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउनुपर्ने संवैधानिक व्यवस्था छ । 'संवैधानिक परिषद्ले प्रधानन्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मध्यपूर्वमा श्रमिकहरूको सुरक्षा जोखिम बढेकोप्रति चिन्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन

अन्तर्राष्ट्रिय श्रम अधिकारसम्बन्धी संस्थाहरूले मध्यपूर्व क्षेत्रमा बढ्दो युद्ध र तनावका कारण त्यहाँ कार्यरत आप्रवासी श्रमिकहरूको सुरक्षा जोखिम बढेको भन्दै चिन्ता व्यक्त गरेका छन् । पृष्ठ २ मा

## आजदेखि काठमाडौं–दुबई रुटमा उडान

**काठमाडौं/मस–** इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणपछि प्रभावित नेपाल वायुसेवा निगमले काठमाडौं-दुबई रुटमा उडान गर्ने भएको छ । निगमले २८ फेब्रुअरीयता उडान गर्न सकेको थिएन । निगमले बुधबार युएईका लागि उडान भर्ने पृष्ठ २ मा

अजेन्ट आवश्यकता
डकुमेन्टेशन - ५ जना (महिला)
रिसेप्सनिस्ट - ५ जना (महिला)
योग्यता तथा अनुभव :
Salary Negotiable
साउदी अरबको MOFA सम्बन्धी कार्यमा राम्रो ज्ञान तथा अनुभव भएको हुनुपर्नेछ ।
नेपालमा डोफे (DOFE) सम्बन्धी काम गर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।
सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको कार्यअनुभव अनिवार्य ।
Nepal HR Solution
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal,
Mobile: 9852651444, Tel: 01-01-4593555, Email: snepalhr@gmail.com

मलेसियाको MEGAH SUPERMARKET & DEPARTMENTAL STORE मा रोजगारको अवसर



कम्पनी : MEGAH SUPERMARKET & DEPARTMENTAL STORE SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/११/२६ — चलानी नं.: ६०२५३२७५ — LT. No.:339897

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 100 | 0 | स. काममा दक्ष | 1700 | ६३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

यूएई र बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALAMAL ALQAIM TECHNICAL SERVICES L.L.C S.O.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/१०/१५ — चलानी नं.: ६०२५१६४५ — LT. No.:338098

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 11 | 0 | स. काममा दक्ष | 1000 | ४०,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : LUCKY ALNOOR CONTRACTING W.L.L — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/११/१२ — चलानी नं.: ६०२५१७६५ — LT. No.:339380

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 11 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३९,०५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mechanical Fitters | 2 | 0 | | 130 | ५०,७७० | | | | | | | |
| 3. | Skilled Mason | 2 | 0 | | 130 | ५०,७७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ४ गते (18 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HILTON HUMAN RESOURCES PVT.LTD. Govt. Lic No.: 1152/073/074
प्रकाश मार्ग, धुम्बाराही-०४, काठमाडौं, नेपाल, फोन: ४५३६५९६ फ्याक्स: ४५३६५९६
Email: hitonhumanrs@gmail.com, documenthiltonhr@gmail.com
Mobile No: 9706949220, 9706949221, 9813112532. Website: www.hiltonhr.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## शक्तिशाली...

देखिन्छ । बालेनलाई रास्वपामा भित्र्याउँदै सभापति रवि लामिछानेले प्रधानमन्त्रीको उम्मेदवार बनाएका थिए । मतगणना सकिइसकेकाले अब प्रक्रिया पुऱ्याएर उनी दुईतिहाइ बहुमतको शक्तिशाली प्रधानमन्त्री बन्नेछन् । नयाँ शक्तिले सत्ताको बागडोर सम्हाल्दा पनि विपक्षी दलका मुख्य नेताहरू संसद्मै हुने अपेक्षा गरिएको थियो । तर, संसद्मा पुग्न नसकेपछि सरकारलाई खबरदारी गर्ने थलो संसद्भन्दा सडक बन्ने देखिएको हो । एमाले उपाध्यक्ष गोकर्ण विष्टले जनमतलाई सहज रूपमा लिएर जिम्मेवार दलको हिसाबले आफ्नो पार्टीले निर्णय लिने बताए । उनले भने, 'लोकतान्त्रिक विधिबाट जनताले दिएको मतादेशलाई हामीले सहज रूपमा लिएका छौँ । यो अनपेक्षित परिणाम भए पनि एमालेलाई जनताले फेरि विश्वास गर्ने पार्टी बनाउन संसद्बाहिरै बसेर पनि नागरिकको आवाज निरन्तर उठाइरहन्छौं ।' एमालेले आफूलाई नागरिकको अपेक्षाअनुसार समयानुकूल परिवर्तन गरेर लैजाने विषयमा समेत पार्टीभित्र व्यापक समीक्षा गरेर अघि बढ्ने उनले बताए ।

चुनावअघि रास्वपाका सभापति रवि लामिछाने र नेता बालेनले जनताप्रति गरेका वाचा पूरा गर्न आगामी सरकारले सुरुकै दिनबाट काम गर्ने रास्वपाका नेताहरूले बताएका छन् । सय दिनभित्र गर्ने सय काम वाचापत्रमै समेटिएका छन् । त्यसबाहेक संरचनागत सुधारमा समेत व्यापक काम गर्नुपर्नेछ । जनअपेक्षाअनुरूप काम गर्न नसक्दा संसद्मा प्रतिवादको स्वर मधुरो सुनिए पनि विपक्षी दलहरूले सडकबाट भने चर्को खबरदारी गर्नसक्छन् । त्यसैले दुईतिहाइको सरकार जति शक्तिशाली हुनेछ, सडक त्योभन्दा बढी सशक्त हुने आकलन गर्न सकिन्छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेस मुद्दा सम्बोधन नभए सडकबाट खबरदारी गर्ने बताइसकेका छन् । आफूहरू चुनाव हारे पनि मुलुक र जनता हार्न नहुने उल्लेख गर्दै उनले भने, 'राजनीति भनेको जनताको सेवा गर्ने हो । सडकमा होस् या सदनमा हामी जनताकै सेवामा रहन्छौं । हामीले हारे पनि देश र जनताले हार्नुहुँदैन, सरकारका कामका आधारमा हामी सडकबाटै खबरदारी गर्न सक्छौं ।'

## मतपत्रमा...

मतपत्रको संख्या करिब साढे चार प्रतिशत रहेको जानकारी दिए । त्यहाँ करिब एक दर्जन मतपत्र खाली भेटिएको, केही मतपत्रभित्र 'समयमा मल नपाएको'जस्ता बेहोरा लेखेको चिर्कटा भेटिएको पनि उनले बताए । राजनीतिक दलका नेतालाई गालीगलौज गरिएका चिर्कटा पनि कतिपय मतपत्रमा भेटिएको समेत उनले बताए ।

रुकुम-पश्चिमका मुख्य निर्वाचन अधिकृत दीपेन्द्र थापामगरले आफ्नो क्षेत्रमा पनि दुई चिह्नमा छाप लगाइएका मतपत्रको संख्या तीन प्रतिशतभन्दा बढी रहेको जानकारी दिए । 'एउटा मतपत्रमा एक लहरका छवटै चिह्नमा छाप लगाइएको र अर्कोमा त सबै १२ वटै चिह्नमा छाप लगाइएको समेत भेटियो,' उनले भने । जुम्लाका मुख्य निर्वाचन अधिकृत आनन्दराज पन्त भने एकै मतपत्रमा एकभन्दा बढी स्वस्तिक छाप लगाउनुको कारण अज्ञानतावश नभई लापरबाही वा आक्रोश भएको बताउँछन् । 'चन्दनाथ नगरपालिकाकै मतदान केन्द्रका मतपेटिकामा त्यस्ता मतपत्र भेटिनुको कारण अज्ञानता होइन लापरबाही हो,' उनको तर्क छ ।

कैलाली-४का निर्वाचन अधिकृत हरिप्रसाद आचार्यले आफ्नो क्षेत्रमा ल्याप्चे लगाउने र एकभन्दा बढी चिह्नमा छाप लगाउने मतपत्रको संख्या कुल पाँच प्रतिशतभन्दा बढी भेटिएको बताए ।

निर्वाचनको इपिसेन्टर भनिएको झापा क्षेत्र नं पाँचमा पनि एउटै मतपत्रमा दुईवटा स्वस्तिक छाप लगाइएका मतपत्र तीन प्रतिशतभन्दा बढी छ । त्यहाँका निर्वाचन अधिकृत विदुरकुमार कार्कीका अनुसार कतै आक्रोश त कतै माग गरिएका चिटहरू फेला परेका छन् ।

पर्सा-४की निर्वाचन अधिकृत नूतन झाका अनुसार त्यस क्षेत्रमा पनि बदर मतमध्ये सर्वाधिक मतपत्रमा दोहोरो छाप भेटिएको छ । यसैगरी ल्याप्चे लगाइएका, कुनै पनि चिह्नमा छाप नलागेका मतपत्रसमेत त्यहाँ भेटिएका छन् । 'एउटा मतपत्रमा त चुनाव चिह्नमाथि सानो ढुंगा टाँसिदिएको समेत फेलापऱ्यो,' उनले भनिन् । निर्वाचन आयोगले बर्सेनि मतदाता शिक्षा फैलाउन कुनै कसर बाँकी नराखे पनि अज्ञानता र आक्रोश पोख्नका लागि यसरी बदर गराइएका मतपत्रको संख्या उल्लेख्य छ ।

अघिल्ला निर्वाचनहरूमा पनि मत बदर नभएको होइन । विसं २०६२/६३ पछि पहिलो संविधानसभाको चुनावमा पहिलोपटक समानुपातिक प्रणालीमा मतदान गराइएको थियो । त्यतिबेला मतदानको तरिका र नियम नजान्दा बदर मत झन्डै ६ प्रतिशत पुगेको थियो । त्यस्तै, २०७०मा सम्पन्न दोस्रो संविधानसभा चुनावमा चार दशमलव ९६ प्रतिशत र संविधान बनेपछिको पहिलो आमनिर्वाचन २०७४मा प्रदेशसभाको समानुपातिक निर्वाचनमा मतपत्रको जटिलता र गठबन्धनका कारण १४.५१ प्रतिशत मत बदर भएको थियो । त्यस्तै, २०७९को संघीय तथा प्रदेश निर्वाचनमा क्रमशः पाँच दशमलव नौ र छ दशमलव ५५ प्रतिशत बदर मत रह्यो ।

बदरको हुनुको अन्य कारणहरूमा मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर छुट्नु, स्वस्तिक छाप कोठा वा बक्सबाहिर लगाउनु, लाइन छुनु वा गलत ठाउँमा लगाउनु साझा समस्या देखिन्छ । स्वस्तिक छाप अस्पष्ट, धमिलो, धेरै मसी लागेको, पटक-पटक लगाएको, च्यातिएको र मतपत्रलाई राम्रोसँग पट्याउन नजान्दा एउटा छापको मसी अर्कोमा परेर मतपत्र बदर हुन जाने प्रवक्ता भण्डारी बताउँछन् । यद्यपि धेरै निर्वाचन क्षेत्रमा हातले समात्दा मतपत्रको कुनै भागमा मसी लागेको वा स्वस्तिक छाप कोठाभन्दा केही बाहिर परेको अवस्थामा समेत धेरै भाग परेको चिह्नलाई गणना गरी सदर गरिएको जानकारी उनले दिए ।

## यसकारण...

चिह्नबाहेक अन्य चिह्न वा छाप लगाई मत संकेत गरेको पनि बदर भएको छ ।

मत संकेत चिह्न नबुझिने गरी लतपतिएको वा च्यातिएको मतपत्र, उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा मत संकेत नगरी अन्यत्र मत संकेत गरिएका मत्रपत्र बदर भएको छ ।

एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा छुट्टाछुट्टै मत संकेत गरिएका मतपत्र पनि गणना गरिएको छैन ।

एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा मत संकेतको चिह्न पर्ने गरी मत संकेत गरिएका, मत संकेत नगरी मतदान अधिकृतलाई मतपत्र फिर्ता दिएका, कुनै पनि उम्मेदवार वा दलको निर्वाचन चिह्नमा मत संकेत नगरिएका मतपत्र बदर भएको छ । निर्वाचन आयोगद्वारा निर्धारित मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएका मतपत्र पनि सदर भएका छैनन् ।

मतपत्र मतपेटिकाभन्दा बाहिर राखिएका पनि सदर हुने कुरै भएन । जाली मतपत्र, पट्याएको मतपत्रभित्र कुनै मुद्रा, कागज वा अन्य कुनै वस्तु संलग्न गरेको वा कुनै रूपमा च्यातेको, प्वाल पारिएका मतपत्र पनि सदर भएका छैनन् ।

एउटा पट्याएको मतपत्रभित्र अरू मतपत्रसँगै एकसाथ पट्याइएका र उम्मेदवार वा दलको निर्वाचन चिह्न रहेको कोठामा र निर्वाचन चिह्न रहेका कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मत संकेत गरेका मतपत्र पनि सदर भएका छैनन् ।

निर्वाचन आयोगले मत बदर हुन नदिनका लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । यही फागुन ३ गतेदेखि फागुन १७ गतेसम्म चलेको मतदाता शिक्षा कार्यक्रममा मत बदर हुन नदिने उपायबारे मतदातालाई जानकारी गराइएको थियो ।

तथापि, प्रत्यक्षतर्फ बदर मत पाँच प्रतिशतमाथि रहेको निर्वाचन आयोगले जनाएको छ । समानुपातिक तर्फको मतगणना जारी छ । मंगलबार साँझसम्म गणना भएको समानुपातिकतर्फको मतमा तीन दशमलव ९४ प्रतिशत मत बदर रहेको निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले जानकारी दिए ।

## मध्यपूर्वमा...

जोर्डन, लेबनान, इजरायल, प्यालेस्टाइन र इरानलगायतका देशमा कार्यरत आप्रवासी श्रमिकहरू जोखिममा परेको भन्दै उनीहरूले सचेत रहन आग्रह गरेका छन् ।

अन्तर्राष्ट्रिय घरेलु कामदार महासंघ, दासत्व विरोधी अन्तर्राष्ट्रिय संगठन, आइटियुसी अफ्रिका, श्रमिक सञ्जाल, खाडीमा आप्रवासीका लागि श्रम न्यायको गठबन्धन, भवन र काठ कामदार अन्तर्राष्ट्रिय, इक्विडेम, ग्लोबल श्रम न्याय तथा अन्तर्राष्ट्रिय घरेलु कामदार महासंघले संयुक्त रूपमा ऐक्यबद्धता जारी गर्दै इजरायल-अमेरिका र इरानबीचको आक्रमणका कारण खाडी देशहरूमा रहेका आप्रवासी श्रमिकहरू थप जोखिममा परेको बताएका हुन् । त्यस क्षेत्रमा १९ लाख बढी नेपाली छन् । उनीहरूले द्वन्द्वग्रस्त क्षेत्रमा रहेका ३ करोड १० लाखभन्दा बढी आप्रवासी कामदारहरू प्रभावित भइरहेको बताएका छन् ।

युद्ध र अस्थिरताका कारण लाखौं आप्रवासी श्रमिकहरूले रोजगारी गुमाउने, काम गर्ने ठाउँमा सुरक्षा अभाव हुने तथा आपत्कालीन अवस्थामा उद्धार र सहायताको पहुँच नपाउने जोखिम बढेको उनीहरूको भनाइ छ ।

श्रमिकहरूको जीवन, श्रम अधिकार र मानव अधिकारको रक्षा गर्न स्पष्ट नीतिगत तथा मानवीय पहल आवश्यक रहेको पनि उल्लेख गर्दै विज्ञप्तिमा खाडी क्षेत्रका देशहरूमा रहेका श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्न सम्बन्धित सरकार, रोजगारदाता र अन्तर्राष्ट्रिय संस्थाहरूलाई तुरुन्त कदम चाल्न पनि आग्रह गरिएको छ ।

आप्रवासी श्रमिकहरू विश्व अर्थतन्त्रका महत्वपूर्ण आधार भएको उल्लेख गर्दै विज्ञप्तिमा युद्ध र द्वन्द्वको अवस्थामा उनीहरूलाई सुरक्षा, सूचना, उद्धार तथा मानवीय सहयोग उपलब्ध गराउनुपर्ने माग गरिएको छ ।

## आजदेखि...

निगमले जनाएको छ । २८ फेब्रुअरीदेखि ९ मार्चसम्म टिकट लिई यात्रा गर्न नपाएका यात्रुले बुधबार यात्रा गर्ने छन् ।

युएईका लागि फ्लाई दुबई र हिमालय एयरलाइन्सले पनि नियमित उडान सुरु गर्ने भएका छन् । कतार विमानस्थलमै आक्रमण भएका कारण कतार एयरवेजले भने मंगलबारसम्म नेपाल नियमित उडान सुरु गर्न सकेको छैन ।

नेपाल नसमेटिएको भएपनि कतार एयरलाइन्सले काइरो, लन्डन हिथ्रो, जेद्दा, मनिला, मस्कट, इस्तानबुल, मुम्बई, दिल्ली, नैरोबी, इस्लामाबाद, म्याड्रिड, फ्रांकफर्ट, कोलम्बो, मिलान, मस्को, टोरन्टो, डलास,फोर्ट वर्थ, पेरिस, म्याड्रिड, रोम, दिल्ली, जेद्दा, मस्कट, हङकङ, सियोल, बैंकक, क्वालालम्पुर र मेलबर्नमा उडान सुरुवात गरेको बताएको छ ।

## अघि...

पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिनाअगावै यस संविधानबमोजिम नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ' संविधानको धारा २८४मा छ । यसअनुसार न्यायपरिषद्ले नयाँ प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाएको हो ।

भावी प्रधानन्यायाधीशका लागि न्यायपरिषद्ले ६ जना न्यायाधीशको रोस्टर संवैधानिक परिषद्मा पठाएको छ । रोस्टरमा सर्वोच्च अदालतकी वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल, डा.मनोजकुमार शर्मा, डा.नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम रहेको छ । अब संवैधानिक परिषद्ले उनीहरूमध्येबाट एकजनाको नाम नयाँ प्रधानन्यायाधीशका लागि सिफारिस गर्नेछ ।

संविधानको धारा १२९मा प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति र योग्यतासम्बन्धी व्यवस्था छ । सोही धाराको उपधारा २मा न्यायपरिषद्ले पठाएको रोस्टरको आधारमा संवैधानिक परिषद्ले भावी प्रधानन्यायाधीशको नाम सिफारिस गर्नुपर्ने प्रावधान छ ।

संवैधानिक परिषद्ले नाम सिफारिस गरेपछि संसदीय सुनुवाइ हुन्छ । सुनुवाइका लागि संघीय संसद्अन्तर्गत १५ सदस्यीय संसदीय सुनुवाइ समिति छ । २१ फागुनमा भएको प्रतिनिधिसभाको निर्वाचनपछि यो समिति गठन हुनै बाँकी छ ।

संसदीय सुनुवाइ समितिमा प्रतिनिधिसभाबाट १२ जना र राष्ट्रिय सभाबाट तीनजना सदस्य हुन्छन् । यो समितिले प्रस्तावित प्रधानन्यायाधीशको नाम अनुमोदन भएपछि थप प्रक्रिया अघि बढ्छ । अर्थात्, संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएका व्यक्तिलाई राष्ट्रपतिले नयाँ प्रधानन्यायाधीश नियुक्त गर्नेछन् ।

नाम सिफारिस गर्ने संवैधानिक परिषद् भने ६ सदस्यीय हुन्छ । प्रधानमन्त्रीको अध्यक्षतामा रहने संवैधानिक परिषद्मा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र प्रतिनिधिसभाका उपसभामुख सदस्य रहन्छन् ।

प्रधानन्यायाधीशको पद रिक्त भएको अवस्थामा प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस गर्दा भने संवैधानिक परिषद्मा नेपाल सरकारको कानुन तथा न्याय मन्त्री सदस्यका रूपमा रहन्छन् ।

# 'अर्घाखाँचीलाई घुम्न र बस्न लायक बनाउने अभियानमा पत्रकारसँग सहकार्य'

सुर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, २६ फागुन



हालै सम्पन्न प्रतिनिधि सभाका सदस्यमा निर्वाचित हरिप्रसाद भुसालले अर्घाखाँची जिल्लालाई घुम्न र बस्न लायक जिल्लाको रूपमा विकास गर्ने अभियानमा पत्रकारहरूसँग सहकार्य गर्दै अगाडि बढ्ने बताएका छन ।

नेपाल पत्रकार महासंघ अर्घाखाँची शाखाले सन्धिखर्कमा आयोजना गरेको सम्मान कार्यक्रममा बोल्दै भुसालले जिल्लाको विकास, पर्यटन प्रवर्धन तथा मिडिया क्षेत्रको सुदृढीकरणका लागि पत्रकारहरूसँग हातेमालो गरेर अघि बढ्ने बताएका हुन् ।

भुसालले निर्वाचनका क्रममा पत्रकारहरूले खेलेको भूमिका उल्लेखनीय रहेको भन्दै पत्रकार तथा पत्रकारमार्फत सम्पूर्ण अर्घाखाँचीबासीप्रति धन्यवाद व्यक्त गरे ।

भुसालले अर्घाखाँचीमा मिडिया क्षेत्रको अवस्था अझै सुदृढ हुन नसकेको उल्लेख गर्दै यसको विकासका लागि आफूले सक्रिय रूपमा सहयोग गर्ने बताए । लामो समयसम्म आफू स्वयं मिडिया सञ्चालनमा जोडिएको अनुभव सुनाउँदै उनले पत्रकारिता क्षेत्रका समस्या र चुनौतीबारे आफूलाई राम्रो जानकारी रहेको बताए ।

'मिडिया क्षेत्रका समस्या मैले नजिकबाट बुझेको छु,' उनले भने,'संसदमा सन्चार क्षेत्रका समस्या समधान गर्न कानुन बनाउने बिषयमा संसदमा आफ्नो आवाज बुलन्द बनाउने गरिनेछ ।'

संसदीय यात्रा आफ्नो पहिलो अनुभव भएको उल्लेख गर्दै उनले संसदको कार्यप्रणाली र जिम्मेवारीबारे अझै धेरै सिक्न बाँकी रहेको उल्लेख्य गर्दै यसका लागि पत्रकारहरूको साथ, सहयोग र सुझाव आवश्यक पर्ने उनको भनाइ थियो ।

जिल्लामा अझै धेरै समस्या रहेको उल्लेख गर्दै उनले ती समस्या समाधानका लागि पत्रकारहरूको सहयोग आवश्यक हुने बताए। आफूलाई 'माननीय' भन्दा पनि भाइ वा साथीको रूपमा व्यवहार गर्न आग्रह गर्दै उनले सहकार्य र संवादमार्फत विकासका कामलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ अर्घाखाँची शाखाका अध्यक्ष गणेश खनालले जिल्लाको विकासका लागि पूर्व पत्रकार संसदमा पुग्नु पत्रकारहरूका लागि गौरवको विषय भएको बताए ।

उनले सकारात्मक काममा पत्रकारहरूले खुला रूपमा सहयोग गर्ने तर गलत काम भए खुलेर विरोध गर्ने स्पष्ट पार्दै जनताका अपेक्षा पूरा गर्न जनप्रतिनिधिलाई खबरदारी गर्ने दायित्व पत्रकारहरूको रहेको बताए ।

कार्यक्रममा पत्रकारहरूले अर्घाखाँचीको समग्र विकास, सुशासन र जनताको हितका विषयमा पत्रकारिता क्षेत्रले निरन्तर खबरदारी गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।


## Modi Rural Municipality
## Office of Rural Municipal Executive
**Patichaur, Parbat**
**Gandaki Province, Nepal**

### Invitation for Electronic Bids

**Second Date of publication: B.S. 2082/11/27 (11th March, 2026)**

Modi Rural Municipality, Office of Rural Municipal Executive, Patichaur, Parbat invites electronic bids from Nepalese eligible bidders for the procurement of Goods which are mentioned on following table. All other information and bid document can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S. N | Description of works | Contract No. | Bid Doc. Fee | Estimated Amount (Including of VAT) | Bid Security Amount | Last Date of Bid Submission | Date/Time/ Place for Bid opening |
|---|---|---|---|---|---|---|---|
| 1. | Nishulka Aausadhi Kharid | 03/MRM/NCB/ GOODS (082/083)-Re | NRs. 3,000.00 | NRs. 29,36,881.64 | NRs. 80,000.00 | 2082/12/15 (29th March, 2026) 12:00 Hours | 2082/12/15 (29th March, 2026) / 13:00 Hours Onwards / Modi Rural Municipality |
| 2. | Nisulka Sanitary Pad Byabsthapan (Procurement of Sanitary Pads) | 07/MRM/SQ/GOODS (082/083)-Re | NRs. 1,000.00 | NRs. 7,37,000.00 | NRs. 18,000.00 | | |
| 3. | Pashupanchhi Aushadhi Kharid | 09/MRM/SQ/GOODS (082/083)-Re | NRs. 1,000.00 | NRs. 9,98,596.00 | NRs. 28,000.00 | | |
| 4. | Ayurved Aushadhi Kharid | 10/MRM/SQ/GOODS (082/083)-Re | NRs. 1,000.00 | NRs. 7,59,895.00 | NRs. 21,000.00 | | |

**Information to deposit the cost of bidding document and Bid Security in Bank.**

**For Bid Document Fee**
Name of Bank: Nepal Bank Ltd, Modi Branch
Account Name: GA 1.1 Aantarik Rajaswo Khata
Account no: 32603000001001000001

**For Bid Security**
Name of Bank: Nepal Bank Ltd, Modi Branch
Account Name: GA 3 STHANIYA TAHA DHARAUTI KHATA
Account Number: 32603000003001000001

**Chief Administrative Officer**



## महागढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बरियारपुर, बारा**
**मधेश प्रदेश, नेपाल**
**स्थापितः–२०७३**

### करारमा कर्मचारी पदपूर्तिको लागि दरखास्त अह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८२/११/२७**

प्रस्तुत विषयमा यस महागढीमाई नगरपालिका कार्यालयको मिति २०८२।११।२६ गते निर्णय अनुसार यस महागढीमाई नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुको लागि तपसील बमोजिमको कर्मचारीहरु/जनशक्तिहरु करार सेवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिमको शर्त तथा बन्देजको अधिनमा रही तपसील बमोजिमको योग्यता पूरा गरेको नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगरपालिकामा आवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

| सि. नं. | विज्ञापन नं. | पद | तह/श्रेणी | संख्या | शैक्षिक योग्यता | दरखास्त दस्तुर (रु.) | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०४/२०८२/०८३ | अ.हे.ब. | चौथो | १ | अ.हे.ब. कोर्ष उतिर्ण गरेको । | ५००/- | लिखित र अन्तरवार्ता |
| २ | ०५/२०८२/०८३ | अ.न.मी. | चौथो | २ | अ.न.मी. कोर्ष उतिर्ण गरेको । | ५००/- | लिखित र अन्तरवार्ता |

**आवश्यक न्यूनतम योग्यता र अनुभव**
१) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
२) दरखास्त दिने स्थान : महागढीमाई नगरपालिकाको कार्यालय ।
३ ) दरखास्त दिने अन्तिम मिति : पदपूर्तीको लागि सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र । अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको भोलि पल्ट कार्यालय समय भित्र ।
४) छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता ।
५) आवेदन साथ संलग्न कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपीहरु
क) नागरिताको प्रतिलिपी
ख) न्यूनतम योग्यताको लब्धाङ्ग प्रमाण पत्र
ग) चारित्रिक प्रमाण पत्र
घ) कामसंग सम्बन्धित अनुभव भए सोको कागजात
ङ) २ (दुई) प्रति पासपोर्ट साइजको फोटो
च) सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाण पत्र
६) सेवा सुविधा र शर्तहरु करार सम्झौता बमोजिम हुनेछ ।
७) अन्य प्रचलित कानुनद्वारा अयोग्य नरहेको ।

**महागढीमाई नगरपालिका**
**प्रमुख प्रशासकीय अधिकृत**



### कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **ANJULIMA INTERNATIONAL PVT. LTD.** इजाजत पत्र न. ७७४/०६५/०६६ मा कार्यरत निम्न कर्मचारीहरु यस कार्यालयमा नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १ | Ramesh Chaudhari | Documentation | 65-01-72-03019 |

**ANJULIMA INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत नं. ७७४/०६५/०६६
ANJULIMA INT'L People. Factor. Perspective
Post Box No: 23251, Kalimatidol, Airpot, Kathmandu, Tel No: 4573100, 4573300, 4588369
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

# ओली सरकारका सबै मन्त्रीले हारे चुनाव

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २६ फागुन



फागुन २१ मा भएको प्रतिनिधिसभा निर्वाचनमा भाग लिएका अघिल्लो सरकारका सबै मन्त्रीहरू पराजित भएका छन्। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि तत्कालीन प्रतिनिधि सभा विघटन भएको थियो। भदौ २७ मा चुनाव गराउने म्यान्डेटसहित पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नागरिक सरकार गठन भयो। त्यही नागरिक सरकारले निर्धारित समयमा नै प्रतिनिधिसभाको निर्वाचन सफल गराएको छ।

यो निर्वाचनमा जनताले आफ्नो मत परिवर्तन गरेको प्रस्ट देखिन्छ। निर्वाचन जितेर आउनेहरू अधिकांश नयाँ अनुहार र नयाँ पार्टीका छन्। एकै पार्टी र व्यक्ति, आलोपालो सरकार, बेमेल गठबन्धनले आजित भएका जनताले यसपटक एउटा पार्टीलाई पाँच वर्ष सरकार चलाउन पुग्नेगरी मत दिए।

जनताको मत बदलिएसँगै निर्वाचनमा होमिएका तत्कालीन मन्त्रिपरिषद्का सदस्य अर्थात् मन्त्रीदेखि प्रधानमन्त्रीसम्म पराजित भएका छन्। झापामा सबैका प्रिय मानिएका नेता केपी शर्मा ओली योपटक नराम्रोसँग पराजित भए। उनी काठमाडौं महानगर छाडेर झापा पुगेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन शाहसँग फराकिलो अन्तरले हारे। प्रधानमन्त्रीसमेत रहेका उनी यो पटक संसद छिर्न पाउने छैनन्। उता प्रधानमन्त्रीलाई हराएका शाह भने नयाँ प्रधानमन्त्री बन्ने लगभग पक्का छ।

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल पनि रुपन्देहीबाट पराजित भएका छन्। उनलाई रास्वपाका उम्मेदवार सुलभ खरेलले पराजित गरेका हुन्। अधिवक्तासमेत रहेका खरेल पहिलोपटक संसद् छिर्दै छन्। अघिल्ला निर्वाचनमा लोकप्रिय मतसहित निर्वाचित हुँदै आएका पौडेल योपटक निकै कम मत ल्याउनेमा पर्छन्। अर्थमन्त्री हुँदा रुपन्देहीमा बजेट थुपारेको आरोप लागे पनि त्यहाँका मतदाताले यसपटक उनलाई मत दिएनन्।

तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको पनि संसदीय यात्रामा ब्रेक लागेको छ। उनी लमजुङबाट चुनावी प्रतिस्पर्धामा थिए। उनी पनि रास्वपाका उम्मेदवार धर्मराज केसीसँग दोब्बर मतान्तरले पराजित भए। सरकारले सामाजिक सञ्जाल बन्द गराएको भन्दै आन्दोलनमा उत्रिएकाहरू गुरुङसँग रुष्ट थिए। त्यो पनि उनको हारको कारण भएको कतिपयको विश्लेषण छ।

ओली सरकारका मन्त्री शरतसिंह भण्डारी पनि योपटक पराजित भएका छन्। १९ पटक त मन्त्री नै बनिसकेका उनी यो पटक महोत्तरी- २बाट रास्वपाका उम्मेदवार दीपक साहसँग पराजित भए। जसपा नेपालबाट निर्वाचनमा भाग लिएका भण्डारी भदौ २३ र २४ गतेको आन्दोलन हुँदा पनि मन्त्री नै थिए।

बैतडीबाट लगातार तीनपटक चुनाव जितेका एमाले उम्मेदवार दामोदर भण्डारी यसपटक तेस्रो स्थानमा पुगे। उनलाई रास्वपाका उम्मेदवार हरि मोहन भण्डारीले पाराजित गरे। योपटक संसद्सम्म पुग्न नसकेका भण्डारी तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री हुन्।

लोकप्रिय कार्यक्रमसहित जनताको हितमा काम गरिरहेको भनेर प्रचार गरिएका मन्त्री हुन् प्रदीप पौडेल। उनले स्वास्थ्यमन्त्रालयको जिम्मेवारी सम्हालेका थिए। अघिल्लो निर्वाचनमा काठमाडौं-५ बाट निर्वाचित भएर सांसद हुँदै मन्त्री बनेका पौडेल योपटक रास्वपाका उम्मेदवार सस्मित पोखरेलसँग पराजित भए।

पर्सा क्षेत्र नम्बर-२बाट निर्वाचनमा भाग लिएका पूर्वमन्त्री अजयकुमार चौरसियालाई रास्वपाका उम्मेदवार सुशीलकुमार कानुले पराजित गरे। चौरसिया कानुन, न्याय तथा संसदीय मामिलामन्त्री मन्त्री थिए। यसअघि स्थानीय तहको निर्वाचनमा वडाध्यक्ष पदमा निर्वाचित भएका कानुले मन्त्री भएका चौरसियालाई संसद् छिर्नबाट रोके।

पूर्वयुवा तथा खेलकुद विकासमन्त्री निवर्तमान सांसद तेजुलाल चौधरी पनि सप्तरी -४ बाट पराजित भए। लगातार तीनवटा निर्वाचन जितेका चौधरीलाई रास्वपाका सीताराम साहले पराजित गरे। पहिलोपटक संसदीय निर्वाचन लडेका साह खडक नगरपालिकाको नगर प्रमुखमा चुनाव लडेका थिए। नगर प्रमुख लड्दा तेस्रो भएका साह अहिले सांसद बने।

जेनजी आन्दोलनपछि सरकारमा बस्न उपयुक्त नहुने भन्दै राजीनामा दिएका खानेपानी मन्त्री प्रदीप यादव पनि यो निर्वाचनमा पराजित भए। पर्सा क्षेत्र नम्बर-१ बाट चुनाव लडेका उनी राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका बुद्धिप्रसाद पन्तसँग पराजित भएका हुन्। जसपाबाट निस्कासित भएपछि एमाले प्रवेश गरेका यादव अन्ततः त्यहाँबाट पनि निर्वाचित हुन सकेनन्।

झापा क्षेत्र नं. २ मा चुनाव लडेका पूर्वसभामुख देवराज घिमिरे पनि पराजित भएका छन्। उनी रास्वपाकी इन्दिरा राना मगरसँग पराजित भएका हुन्। घिमिरे सभामुख हुँदा राना उपसभामुख थिइन्। अहिले राना विजेता हुँदा घिमिरे उपविजेता बने।

विघटित प्रतिनिधिसभामा सांसद रहेका रास्वपाका अधिकांश सांसद फागुन २१ को निर्वाचनबाट निर्वाचित भएका छन्। कांग्रेस, एमाले, माओवादी, राप्रपालगायत मधेशवादीदलहरूको पनि योपटक संसदमा सन्तोषजनक उपस्थिति छैन। अघिल्लो मन्त्रिपरिषदका सदस्यहरू नै यो निर्वाचनबाट सांसद हुन पनि अयोग्य रहेको जनादेश छ। नेपाली कम्युनिस्ट पार्टी, रास्वपा र श्रम संस्कृतिबाहेक अन्य पार्टीका सभापति अर्थात् अध्यक्ष नै यो निर्वाचनमा पराजित भएका छन्।

# रुकुम पश्चिममा दिदीबहिनीको शव फेला, एक किशोरी बेपत्ता

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २६ फागुन

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-३ भाग्लेनजिकै सानीभेरी नदीमा दुई किशोरीको शव फेलापरेको छ। रुकुम पश्चिम बाफिकोट गाउँपालिका वडा नम्बर ३ गर्लाबोट निवासी टीकाराम ओलीकी छोरी १४ वर्षीया उर्मिला ओलफ र १२ वर्षीया कल्पना ओली सानोभेरी नदी किनारमा मृत अवस्थामा फेलापरेका हुन्।

सोही ठाउँकी पूर्णबहादुर ओलीकी छोरी सपना ओली भने सानोभेरी नदीमा बगेर बेपत्ता भएको प्रहरीले अनुमान गरेको छ।

मुसिकोट नगरपालिका वडा नम्बर १ भलखोलामा विवाहमा गएको र फर्कने क्रममा सानोभेरी नदी तर्ने क्रममा बगेर मृत्यु भएको प्रहरिको अनुमान छ। झोलुंगे पुल भए तापनि जंगल भएका कारण डरले खोला तर्ने क्रममा बगेको हुनसक्ने जिल्ला प्रहरी कार्यलय रुकुम पश्चिमका प्रहरी उपरीक्षक बेद पौडेलको भनाइ छ।

जिल्ला प्रहरी कार्यलय रुकुम पश्चिमका प्रहरी उपरीक्षक बेद पौडेलको कमान्डमा प्रहरी टोली र स्थानीयको सहभागितामा बेपत्ता भएकी ओलीको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ। शव फेला परेकाहरू दिदीबहिनी हुन्।

उनीहरू नदीमा डुबिरहेको अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए। प्रहरी निरीक्षक हरिप्रसाद पुनका अनुसार करिब पाँच सय मिटरको दूरीमा उनीहरूको शव फेला परेको हो।

# शुक्लाफाँटामा बाघ गणना सुरु

महेन्द्रनगर/मस-कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा मंगलबारदेखि बाघ गणना सुरु भएको छ। राष्ट्रिय बाघ गणनाअन्तर्गत शुक्लाफाँटासँगै यहाँको लालझाडी-मोहना संरक्षित क्षेत्र र डडेलधुराको जोगबुडामा स्वचालित क्यामेरा जडान गरी बाघ गणना थालिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले जनाएको छ।

मंगलबार बिहान एक कार्यक्रम आयोजना गरी निकुञ्ज कार्यालयले औपचारिक रूपमा बाघ गणना सुरु गरेको हो। शुक्लाफाँटा-लालझाडी-जोगबुडलाई दुई गुणा दुई किलोमिटरका २६० ग्रिडमा विभाजन गरिएको निकुञ्ज कार्यालयले जनाएको छ। यसअघि ४३ पाटेबाघ गणना गरिएको शुक्लाफाँटामा हरेक वर्ष बाघ गणना गरिँदै आएको छ। ३ सय ५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा मुलुकमै थोरै क्षेत्रफलमा धेरै बाघ भएको निकुञ्ज हो। आहार प्रजातिको पर्याप्तताका कारण यहाँ बाघको संख्या धेरै भएको जनाइएको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत चन्द्रशेखर चौधरीले बाघ गणनाका लागि ५ सय ८० स्वचालित क्यामेरा जडान गरिनुका साथै ७७ जनाको प्राविधिक टोली खटिने जानकारी दिए।


## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८२।११।२७ गतेको मध्यान्ह राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८२।१२।१२ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरणः**

**१. ऋणीको नामः जय माता दी ट्रेड एण्ड सप्लायर्स** **कर्जा शिर्षकः** चालुपूंजी कर्जा र आवधिक कर्जा
(प्रदेश सरकार, प्रदेश २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा दर्ता रहेको), दर्ता नं.: ७५१/२०६५/०६६, दर्ता मितिः २०६५/०८/२६, स्थायी लेखा नं.: ३०२०९३२६५, ठेगानाः सिरहा जिल्ला, धनगढी न.पा., वडा नं २।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**शत्रुधन दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३१४२४१० (२०५९/०३/२२/सिराहा), बाजेको नामः बनाई दास कथवनिया, बाबुको नामः भुनेश्वर दास कथवनिया, ठेगानाः सिरहा जिल्ला, धनगढी न.पा., वडा नं. २।

**व्यक्तिगत जमानतकर्ताः**

**रेखादेवी दासः** ना.प्र.प.नं (जारी मिति/स्थान): १३१४२७१३ (२०६२/०२/१२/सिराहा), बाबुको नामः रामचन्द्र दास, ससुराको नामः भुनेश्वर दास कथवनिया, पतिको नामः शत्रुधन दास, ठेगानाः सिरहा जिल्ला, धनगढी न.पा., वडा नं. २।

**लिलाम हुने धितोको विवरणः**

बनाई दास कथवनियाको नाति, भुवनेश्वर दास कथवनियाको छोरा, सिरहा जिल्ला, धनगढी न.पा., वडा नं. २ बस्ने **शत्रुधन दास**को नाममा मालपोत कार्यालय लहान, सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरुः

**क.** सिरहा जिल्ला, नैनपुर गा.वि.स./न.पा., वडा नं./नक्सा सीट नं. १ ख स्थित कि.न. ५७३ र ९५० को क्षेत्रफल क्रमशः ०-०-११ र ०-०-१-७ विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**ख.** सिरहा जिल्ला, नैनपुर गा.वि.स./न.पा., वडा नं./नक्सा सीट नं. २ ख स्थित कि.न. १७०४, १७०२ र ८६१ को क्षेत्रफल क्रमशः ०-१-$४^{१/४}$, ०-०-१२ र ०-१-$७^{१/४}$ विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**ग.** सिरहा जिल्ला, हनुमान नगर गा.वि.स./न.पा., वडा नं./नक्सा सीट नं. ६ क स्थित कि.न. १९२ को क्षेत्रफल ०-८-३ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**२. ऋणीको नामः केशव अहिर** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं (जारी मिति/स्थान): १७६०(२०५७/०६/०४/रूपन्देही), बाजेको नामः वृजलाल अहिर, बाबुको नामः द्धारीका अहिर, ठेगानाः रूपन्देही जिल्ला, करौता गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. अमरावती अहिरः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-६९-०७०४२(२०६९/१२/२८/रूपन्देही), बाबुको नामः रामा अहिर, ससुराको नामः द्धारीका अहिर, पतिको नामः केशव अहिर, ठेगानाः रूपन्देही जिल्ला, वसन्तपुर गा.वि.स., वडा नं. ९ परिवर्तित रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।

**ख. द्धारीका अहिरः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७५७६५(२०४२/०६/१६/रूपन्देही), बाजेको नामः घुरे अहिर, बाबुको नामः वृजलाल अहिर, ठेगानाः रूपन्देही जिल्ला, वनगाई गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।

**ग. सोहवाती अहिरः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-७१-०३३९५(२०७१/०४/०७/रूपन्देही), बाबुको नामः सुन्दर अहिर, ससुराको नामः वृजलाल अहिर, पतिको नामः द्धारीका अहिर, ठेगानाः रूपन्देही जिल्ला, वसन्तपुर गा.वि.स., वडा नं. ९ परिवर्तित रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।

**घ. दयानन्द यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-७८-१२५११(२०७८/०९/१३/रूपन्देही), बाजेको नामः द्धारीका अहिर, बाबुको नामः केशव अहिर, ठेगानाः रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।

**ङ. रविरमण यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-७८-१२५०२(२०७८/०९/१३/रूपन्देही), बाजेको नामः द्धारीका अहिर, बाबुको नामः केशव अहिर, ठेगानाः रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।

**लिलाम हुने धितोको विवरणः**

घुरे अहिरको नाति, वृजलाल अहिरको छोरा, रूपन्देही जिल्ला, वनगाई गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४ बस्ने **द्धारीका अहिर**को नाममा मालपोत कार्यालय भैरहवा, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, वसन्तपुर गा.वि.स./न.पा., वडा नं./नक्सा सीट नं. ७ स्थित कि.न. १३४३ को क्षेत्रफल ०-७-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०६/०४ मा दर्ता भएको **प्रा. लि. नं. २७२३६९** को **मेकर्स इन्टरप्राइजेज प्रा. लि.** को मिति २०८२/११/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## मोटरसाइकल हराएको सूचना

मिति २०८२/११/२४ गते राति २:०० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं ३२ भाट भाटेनी पछाडी तेलि मार्ग नरेफाँट स्थित घर बाहिर पार्किङ्ग गरि राखेको अवस्थामा बा.प्र ०३-०२-०३८ प ५६२५ नम्बरको Gloss Pewter Grey रङ्गको NS २०० सिसिको Pulsar मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले निम्न नंम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

**सवारी धनीको नामः सुशान्त रोकाया**
**च्यासिस नं**:MD2A36FX2MCH95413
**इन्जिन नं**: JLXCMH22767
**सम्पर्क नं: ९८०६४७०८४५, ९७४२८४४०१७**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८२/११/२७**

यस कार्यालयमा मिति २०७८/०१/१२ मा दर्ता भएको सक्षम ईन्स्टिच्युट फोर स्किल डेवेलप्मेन्ट प्राइभेट लिमिटेड (प्रा.लि. नं. २६३०५१) नामक कम्पनीले कम्पनी दर्ता खारेज गरिपाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा कुनै र कम भुक्तानी गर्नुपर्ने दायित्व भएमा, प्रमाण सहित हकदावीको लागि ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा उपस्थित भई दावी गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकेको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता प्रचलित कानून बमोजिम खारेज गरिनेछ।

## PASSPORT LOST NOTICE

This is to inform the general public that the passport bearing **No. PA2839864** in the name of **Durga Prasad Neupane** was lost on **18 February 2025** while traveling from **Dailekh Bazaar to Chupra**. Despite thorough searching, the passport could not be found. If anyone finds the above-mentioned passport, they are kindly requested to submit it to the nearest police station or contact the concerned person.

**Name : Durga Prasad Neupane**
**Citizenship No.: 63102740**
**Address : Panimul, Mahabu–1, Dailekh, Nepal**
**Contact No.: 9848211387**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०७/१६ मा दर्ता भएको **प्रा. लि. नं. २४६३२१** को **म्याजेस्टिक मार्केटिङ्ग प्रा. लि.** को मिति २०८२/११/२२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/११/२७
गुडनेश हस्पिटालिटी प्रा. लि. (कम्पनी द. न. ३६२१७८)को नाम परिवर्तन भई गुराँस होराइजन हस्पिटालिटी प्रा.लि. कायम भएको व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वार जानकारी गराइन्छ।

## काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/२७**

यस सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई शितगंगा न.पा. १२ बखतेडाँडामा घाटगद्दी गरी राखिएको साल जातको काठ ६२३२.३४ क्यू.फि., अन्य जातको १७२०.५५ क्यू.फि. तथा साल दाउरा १४.०० चट्टा र अन्य दाउरा ८.७५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री मजुरेडाँडा सामुदायिक बन उपभोक्ता समुह**
**शितगंगा न.पा.१२ अर्घाखाँची**

## विर्तामोड नगरपालिका-५, धर्मकाटा रोडमा रुद्राक्ष रिसेप्शन्स प्रा.लि. प्रस्तावक रहेको रुद्राक्ष रिसेप्शन्स (होटल तथा बैंक्वेट) निर्माण तथा संचालन आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धि सार्वजनिक सूचना

**प्रकाशित मिति २०८१/११/२७**

कोशी प्रदेश, झापा जिल्ला, विर्तामोड नगरपालिका-५, विर्तामोडमा रुद्राक्ष रिसेप्सन प्रा.लि.ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावको नाम** | रुद्राक्ष रिसेप्शन्स (होटल तथा बैंक्वेट) निर्माण तथा संचालन |
| **प्रस्तावको व्यहोरा** | कोशी प्रदेश, झापा जिल्ला, विर्तामोड नगरपालिका- ५, विर्तामोड<br>कूल प्लट क्षेत्र : १५,९३३.५४ वर्ग मिटर (क्षेत्रफल २-७-१.०० विगाह)<br>कूल निर्माण क्षेत्रफल: ५८४०.५६ वर्ग मिटर<br>कूल तल्ला : १ (बेसमेन्ट) + १ (भुइँ तल्ला) + ८ (तल्ला)<br>कूल उचाई : ३५.२० मिटर<br>कूल कोठा तथा शैय्या : ८० कोठा, २०६ शैय्या<br>कित्ता नं : २४०, २००, २०१, २०२, १०८६, ११७१, ११७२<br>आयोजनाको उद्धेश्य : बिर्तामोड नगरपालिकामा गुणस्तरीय होटल, बैंक्वेट, क्यासिनो, आवास तथा सम्मेलन सेवा प्रदान गरी पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना र स्थानीय आर्थिक विकासमा योगदान पुर्‍याउनु हो। |
| **प्रभाव पार्न सक्ने जिल्ला/स्थानीय तह** | प्रदेश : कोशी जिल्ला: झापा, नगरपालिका: विर्तामोड नगरपालिका, वडा: ५ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | रुद्राक्ष रिसेप्शन्स प्रा.लि., विर्तामोड नगरपालिका-५, धर्मकाटा रोड<br>फोन नं.: +९७७ ९८४२०६०१५४<br>ईमेल: info@rudrakshareceptions.com |
| **परामर्शदाताको नाम ठेगाना** | ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि. बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका,<br>फोन: ९८५१२०३४५३<br>इमेल: ghrc018@gmail.com |

## जगदुल्ला गाउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**माझगाउ डोल्पा**
**कर्णाली प्रदेश**

## आर्थिक प्रस्ताब खोल्ने सम्बन्धि सुचना

**प्रकाशित मिति २०८२।११।२७**

यस कार्यालयबाट मिति २०८२।१०।०७ गते प्रकाशित गरिएको ३० दिने सुचना प्रक्षपण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र (Single Stage Two Envelope ) आह्वान सम्बन्धि सुचना अनुसार तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुमध्ये प्राविधिक प्रस्ताव योग्यताको सबै आधारमा सफल भएका बोलपत्रदाताहरुको नाम सम्बन्धि ठेक्का नं. तथा निर्माण कार्यको नाम समेत तपशिलमा उल्लेख गरिएको छ। सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२।१२।४ दिनको १०:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबैलाई जानकारी गराईन्छ। साथै सोही नियमावलीको सोही नियमको उपनियम ६ बमोजिम सफल बोलपत्र बाहेक अन्य बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सम्बन्धि बोलपत्रदाताहरुलाई फिर्ता गरिने व्यहोरा समेत यसै सुचनाद्धारा जानाकारी गराईन्छ।

| सि.नं | ठेक्का नम्बर | निर्माण कार्य | सफल निर्माण कम्पनी | कैफियत |
|---|---|---|---|---|
| १ | JRM/NCB/W-5/2082-83 (Badhi Niyantran Tatha Jal Bebasthapan ) | बाढी नियन्त्रण तथा जल व्यवस्थापन | 1. TC-SN-SN J/V Bhaktapur<br>2. Kutumba-Kanjiruwa-Shelri J/V DOlpa<br>3. Ramkala-Nuwakot-Ahana J/V Kathmandu<br>4. DECC-BNS-SNS J/V Dolpa | |

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# प्रदूषणबाट जोगिऔं

काठमाडौं उपत्यकाको वायु अवस्था केही दिनदेखि अत्यन्त प्रदूषित छ । यहीबीचमा काठमाडौं विश्वकै सबैभन्दा बढी प्रदूषित सहरको सूचीमा पहिलो स्थानमा पुगेको छ । वायु गुणस्तर सूचकांक १८४–१८५ पुग्नु स्वास्थ्यका दृष्टिले निकै हानिकारक अवस्था हो । केही दिनयता उपत्यकाको आकाश बाक्लो तुवाँलोले ढाकिएको छ भने घाम प्रस्ट देखिएको छैन र वातावरण धुम्म बनेको छ । सर्वसाधारणले प्रत्यक्ष रूपमा प्रदूषणको असर अनुभव गरिरहेका छन् । धेरै मानिसलाई आँखा पोल्ने, घाँटी चिलाउने, टाउको दुख्ने र सास फेर्न असहज हुने समस्या देखिन थालेका छन् । यस्तो अवस्था लामो समयसम्म कायम रहँदा जनस्वास्थ्य प्रभावित हुन थालेको छ ।

वायु प्रदूषण बढ्नुका पछाडि विभिन्न कारण जिम्मेवार छन् । उपत्यकामा दिन–प्रतिदिन बढ्दै गएको सवारीसाधनको चाप पनि मुख्य कारण हो । पुराना तथा धुवाँ धेरै निकाल्ने सवारीसाधनले वातावरणलाई झनै प्रदूषित बनाइरहेका छन् । सडक विस्तार तथा निर्माण कार्यका क्रममा उड्ने धुलो, उद्योगधन्दाबाट निस्कने धुवाँ तथा देशका विभिन्न भागमा लागिरहेको वन डढेलोले पनि वायु प्रदूषण बढाएको छ । मौसमी प्रतिकूलता र हावाको कम बहावका कारण प्रदूषित कणहरू लामो समयसम्म उपत्यकामै थुप्रिएर बसेको वातावरणविद्हरू बताउँछन् । यस्ता मसिना कणहरू मानवस्वास्थ्यका लागि निकै हानिकारक हुन्छन् ।

उच्च वायु प्रदूषणका कारण विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दम, मुटु वा श्वासप्रश्वाससम्बन्धी रोग भएका व्यक्तिहरू बढी जोखिममा पर्ने चिकित्सकहरू बताउँछन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि यस्तो अवस्थामा अत्यावश्यक कामबाहेक घर बाहिर ननिस्कन, बिहान र बेलुका बाहिरी गतिविधि कम गर्न तथा बाहिर जाँदा मास्क प्रयोग गर्न आग्रह गरेको छ । प्रदूषणले मुटु, रक्तनली, फोक्सो, आँखा, मिर्गौला तथा क्यान्सरसम्मका समस्या निम्त्याउन सक्ने भएकाले सबैले सचेत रहन आवश्यक छ । तर प्रदूषणबाट जोगिन व्यक्तिगत सावधानी मात्र पर्याप्त हुँदैन । भविष्यमा यस्तो समस्या कम गर्न पुराना सवारीसाधन नियन्त्रण गर्नु, सार्वजनिक यातायातलाई व्यवस्थित बनाउनु, सडक तथा निर्माण क्षेत्रमा धुलो नियन्त्रणका उपाय अपनाउनु र वन डढेलो नियन्त्रणमा कडाइ गर्नु आवश्यक छ । उद्योगधन्दा सञ्चालन गर्दा वातावरणीय मापदण्ड पालना गराउन राज्यले प्रभावकारी अनुगमन गर्नुपर्छ । साथै सहरमा हरियाली बढाउने, वृक्षरोपणलाई प्रोत्साहन गर्ने र वातावरणमैत्री जीवनशैली अपनाउने बानी पनि विकास गर्नुपर्छ ।

स्वच्छ हावा मानव जीवनको आधारभूत आवश्यकता हो । अहिले काठमाडौंमा देखिएको प्रदूषणको अवस्था चिन्ताको विषय हो । यदि समयमै प्रभावकारी कदम चालिएन भने भविष्यमा यसको असर अझ व्यापक हुन सक्छ । त्यसैले सरकार, सम्बन्धित निकाय र नागरिक सबैले आ–आफ्नो जिम्मेवारी बुझेर वातावरण संरक्षणमा सक्रिय हुन आवश्यक छ । स्वच्छ वातावरण स्वस्थ जीवनको आधार हो । त्यसैले सचेत बनौं र प्रदूषणबाट जोगिने सामूहिक अभियान अघि बढाऔं ।

# चुनाव, बजार र मूल्यवृद्धि

*यदि हरेक चुनावले जनतालाई मूल्यवृद्धि, अभाव र आर्थिक अस्थिरताको अनुभव मात्रै दिने हो भने लोकतन्त्रप्रति नागरिकको विश्वास कमजोर हुन सक्छ ।*

**अग्रलेख**



● ईश्वर बुढाथोकी

लोकतन्त्रमा चुनावलाई जनताको उत्सव मानिन्छ। मतदाताले आफ्नो प्रतिनिधि छान्ने अवसर पाउँछन्, राजनीतिक दलहरूले आफ्ना विचार र कार्यक्रम प्रस्तुत गर्छन् र राज्यको शक्ति नयाँ जनादेशमार्फत पुनः व्यवस्थित हुन्छ । तर नेपालजस्ता विकासोन्मुख देशमा चुनावसँग अर्को यथार्थ पनि जोडिएको हुन्छ- बजारमा देखिने अस्वाभाविक हलचल, कृत्रिम अभाव र मूल्यवृद्धि। लोकतन्त्रको उत्सवसँगै उपभोक्ताको भान्सामा बढ्ने खर्चको कथा पनि चुनावकै सन्दर्भमा बारम्बार दोहोरिन्छ ।

चुनावको समय नजिकिँदै जाँदा राजनीतिक गतिविधि तीव्र हुन्छ । सभा, सम्मेलन, प्रचारप्रसार, यात्राहरू, भोजभतेर र विभिन्न कार्यक्रम बढ्छन् । राजनीतिक दल र उम्मेदवारले मतदाता प्रभावित पार्न ठूलो मात्रामा आर्थिक स्रोत परिचालन गर्छन् । बजारमा नगद प्रवाह बढ्छ र उपभोग अचानक बढ्न थाल्छ । तर, उत्पादन र आपूर्ति प्रणाली भने त्यति छिटो विस्तार हुन सक्दैन । यही असन्तुलनले बजारमा मूल्यवृद्धिको वातावरण बनाउँछ ।

नेपालको अनुभव हेर्दा, चुनावअघि र पछि दैनिक उपभोग्य वस्तुमा मूल्यवृद्धि देखिने क्रम नयाँ होइन । चामल, दाल, तेल, तरकारी, ग्यासजस्ता वस्तुहरूमा अचानक अभाव सिर्जना हुने र मूल्य बढ्ने घटना धेरैपटक देखिएका छन् । व्यापारीले आपूर्ति रोक्ने, स्टक लुकाउने वा वितरण ढिलो गर्ने प्रवृत्ति पनि देखिन्छ। यस्तो अवस्थामा उपभोक्ताले डरका कारण पनि बढी सामान किनेर घरमा सञ्चय गर्ने गर्छन्। उपभोक्ताको यही मनोविज्ञानले बजारमा अभावलाई अझ बढावा दिन्छ ।

चुनावका बेला सरकारी संयन्त्र पनि अन्य समयमा जस्तो सक्रिय हुँदैन। प्रशासनिक निकायहरू सुरक्षा व्यवस्थापन, मतदान प्रक्रिया र राजनीतिक गतिविधिको व्यवस्थापनमा व्यस्त हुन्छन् । बजार अनुगमन कमजोर हुन्छ। उपभोक्ता संरक्षणसम्बन्धी ऐन र नियमको प्रभावकारी कार्यान्वयनमा कमी आउँछ। यही अवसरको फाइदा उठाउँदै कतिपय व्यापारीले अस्वाभाविक नाफा कमाउने प्रयास गर्छन्। परिणामतः बजारको असन्तुलनले आमउपभोक्ताको जीवनमा प्रत्यक्ष असर पार्छ ।




यो समस्या नेपालमा मात्र सीमित छैन। विश्वका धेरै देशमा चुनावी गतिविधिले अर्थतन्त्रमा अस्थायी दबाब सिर्जना गर्ने गरेको पाइन्छ। उदाहरणका लागि भारतमा लोकसभा वा राज्यसभाका चुनावहरू नजिकिँदा सरकारी खर्च बढ्ने, बजारमा नगद प्रवाह वृद्धि हुने र केही क्षेत्रमा मूल्यवृद्धि देखिने अध्ययनहरूले देखाएका छन्। विशेषगरी इन्धन, खाद्यान्न र निर्माण सामग्रीको माग अचानक बढ्दा बजार अस्थिर बन्ने गरेको अनुभव त्यहाँ पनि छ ।

संयुक्त राज्य अमेरिकामा चुनावको प्रभाव फरक ढंगले देखिन्छ । त्यहाँ बजार प्रणाली अपेक्षाकृत व्यवस्थित भए पनि चुनावी अभियानमा खर्च हुने अर्बौं डलर अर्थतन्त्रमा ठूलो नगद प्रवाहको कारण बन्छ । विज्ञापन, सञ्चार, यातायात, कार्यक्रम व्यवस्थापनजस्ता क्षेत्रमा चुनावी खर्चले अस्थायी आर्थिक गतिविधि बढाउँछ । तर, उत्पादन र उपभोगबीचको सन्तुलन बिग्रिएमा मुद्रास्फीतिमा दबाब पर्न सक्ने विश्लेषणहरू पनि भएका छन् ।

ल्याटिन अमेरिकी देशहरूमा भने चुनावी अर्थतन्त्र अझ स्पष्ट रूपमा देखिन्छ। अर्जेन्टिना वा ब्राजिलजस्ता देशहरूमा चुनावअघि सरकारहरूले लोकप्रियता बढाउन सामाजिक कार्यक्रम, अनुदान र सार्वजनिक खर्च बढाउने गर्छन्। यसले छोटो समयका लागि नागरिकलाई राहत दिएजस्तो देखिए पनि दीर्घकालमा बजेट घाटा र मुद्रास्फीतिको समस्या बढाउने गरेका प्रशस्त उदाहरण छन् ।

अफ्रिकाका केही देशमा चुनावी खर्च अझै प्रत्यक्ष रूपमा बजारसँग जोडिन्छ । केन्या वा नाइजेरियामा चुनावी सभा, राजनीतिक र्‍याली र स्थानीय कार्यक्रमहरूले खाद्यान्न, इन्धन र यातायातको माग बढाउँछन्। कतिपय स्थानमा व्यापारीले राजनीतिक दलहरूलाई चन्दा दिने र त्यसको लागत उपभोक्तामाथि थोपर्ने प्रवृत्ति पनि देखिन्छ। यसरी चुनावी राजनीति र बजारबीचको सम्बन्ध विश्वव्यापी भए पनि त्यसको प्रभावको तीव्रता देशको आर्थिक संरचना र संस्थागत क्षमतामा निर्भर हुन्छ ।

नेपालमा भने समस्या अझ गम्भीर बन्ने कारण संरचनागत कमजोरीहरू हुन् । उत्पादन प्रणाली कमजोर छ, आयातमा निर्भरता धेरै छ र बजार नियमन प्रभावकारी छैन । यस्तो अवस्थामा चुनावी खर्चले बजारमा असन्तुलन सिर्जना गर्दा त्यसलाई नियन्त्रण गर्ने क्षमता राज्यसँग पर्याप्त देखिँदैन। आपूर्ति शृंखलामा सामान्य अवरोध आउँदा पनि बजारमा ठूलो असर देखिन सक्छ ।

चुनावको समय नजिकिँदा व्यापारीहरूले सम्भावित राजनीतिक अस्थिरता वा नीतिगत परिवर्तनको डरले पनि सामान सञ्चय गर्ने प्रवृत्ति देखाउँछन्। आयातकर्ताहरूले ढुवानी ढिलो गर्ने वा मूल्य बढाउने सम्भावना पनि रहन्छ। यदि अन्तर्राष्ट्रिय बजारमा इन्धन वा खाद्यान्नको मूल्य बढिरहेको छ भने त्यसको प्रभाव चुनावी वातावरणमा झनै तीव्र रूपमा देखिन सक्छ ।

उदाहरणका लागि मध्यपूर्वमा हुने युद्ध वा भूराजनीतिक तनावले विश्वबजारमा तेलको मूल्य बढाउँदा नेपालजस्ता आयातमा निर्भर देशमा तत्काल प्रभाव देखिन्छ। यदि यस्तो परिस्थिति चुनावको समयमा पर्छ भने बजारमा मूल्यवृद्धि नियन्त्रण झनै कठिन हुन्छ । यसरी स्थानीय राजनीति र अन्तर्राष्ट्रिय घटनाक्रम मिलेर उपभोक्ताको जीवनमा थप दबाब सिर्जना गर्छन् । यद्यपि, चुनावलाई मूल्यवृद्धिको स्थायी कारण मान्नु पनि पूर्ण सत्य भने हुँदैन । चुनावले अर्थतन्त्रमा गतिविधि बढाउने, सेवा क्षेत्र चलायमान बनाउने र अल्पकालीन रोजगारी सिर्जना गर्ने सकारात्मक पक्ष पनि हुन्छ। समस्या चुनाव होइन, चुनावसँग जोडिएको अनियन्त्रित खर्च, कमजोर नियमन र स्वार्थपरक व्यवहार हो ।

यदि राजनीतिक दलहरूले चुनावी खर्च पारदर्शी बनाउने, व्यापारीहरूले सामाजिक उत्तरदायित्व निर्वाह गर्ने र राज्य संयन्त्रले बजार अनुगमन कडाइका साथ लागू गर्ने हो भने यस्तो समस्या धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ। उपभोक्ताको मनोविज्ञानमा पनि परिवर्तन आवश्यक छ। डर र हल्लाका आधारमा सामान सञ्चय गर्ने प्रवृत्ति कम भए बजारमा कृत्रिम अभाव सिर्जना हुने सम्भावना पनि घट्छ । लोकतन्त्रको सार जनताको सहभागिता र विश्वासमा हुन्छ । यदि हरेक चुनावले जनतालाई मूल्यवृद्धि, अभाव र आर्थिक अस्थिरताको अनुभव मात्रै दिने हो भने लोकतन्त्रप्रति नागरिकको विश्वास कमजोर हुन सक्छ। त्यसैले चुनावलाई केवल राजनीतिक प्रतिस्पर्धाको माध्यम मात्र नभई आर्थिक अनुशासन र सामाजिक जिम्मेवारीको अभ्यासका रूपमा पनि लिन आवश्यक छ ।

> *चुनावले अर्थतन्त्रमा गतिविधि बढाउने, सेवा क्षेत्र चलायमान बनाउने र अल्पकालीन रोजगारी सिर्जना गर्ने सकारात्मक पक्ष पनि हुन्छ । समस्या चुनाव होइन, चुनावसँग जोडिएको अनियन्त्रित खर्च, कमजोर नियमन र स्वार्थपरक व्यवहार हो ।*

जब राज्य, बजार र नागरिकबीच जिम्मेवारीको सन्तुलन स्थापित हुन्छ, तब चुनाव वास्तवमै लोकतन्त्रको उत्सव बन्न सक्छ । अन्यथा चुनावको मौसम आउँदा बजारमा देखिने अभाव र महँगीको चक्र दोहोरिइरहनेछ र उपभोक्ताको भान्सा नै लोकतन्त्रको सबैभन्दा महँगो मूल्य चुकाउने स्थान बन्नेछ ।

***(बुढाथोकी, अखिल नेपाल क्रान्तिकारी वैदेशिक श्रमिक संघका केन्द्रीय नेता हुन् ।)***

## इतिहासमा आज


११ मार्च २०११ मा जापानको सेन्दाईबाट ९.० म्याग्निच्युडको भूकम्प जाँदा ठूलो जनधनको क्षति भयो । भूकम्पकै कारण जापानमा इतिहासकै दोस्रो ठूलो आणविक दुर्घटना पनि निम्तियो ।



११ मार्च २०१८ मा टर्कीको निजी व्यवसायिक जेट बिमा बम्बार्डियर च्यालेन्जर ६०४ इरानी सहर शार ए कोर्ड नजिकैको जाग्रोस पर्वतमा दुर्घटनाग्रस्त भएको थियो । जुन दुर्घटनामा विमानमा जसमा सवार सबै ११ जनाको मृत्यु भएको थियो ।



११ मार्च २०२० मा विश्व स्वास्थ्य संगठनले कोभिड-१९ भाइरसको संक्रमणको लहरलाई विश्व महामारीको रूपमा घोषणा गरेको थियो ।



११ मार्च २०२३ मा म्यानमारको शान राज्यमा पिनलाउङ नरसंहारको क्रममा बर्मी सेनाले तीन बौद्ध भिक्षुसहित ३० नागरिकलाई मारेका थिए ।



# आत्मनिर्भर कृषिको बाटो

**विचार**



● भानुभक्त भट्टराई

> *कृषि अर्थतन्त्रलाई सुदृढ बनाउन किसानमैत्री नीति, संघीय-प्रदेश-स्थानीय तहबीच समन्वित कार्यक्रम, उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने बजार प्रणाली तथा आधुनिक प्रविधिको व्यापक प्रयोग आवश्यक छ ।*

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण मानिन्छ । देशको ठूलो जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमै निर्भर रहेको छ, तर पछिल्ला वर्षहरूमा कृषि उत्पादन, बजार व्यवस्थापन, प्राविधिक पहुँच र नीतिगत कमजोरीका कारण यो क्षेत्र अपेक्षित रूपमा विकास हुन सकेको छैन । कृषि क्षेत्रलाई आधुनिक, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने स्पष्ट नीति, पर्याप्त बजेट र प्रभावकारी कार्यान्वयनको खाँचो आज झन् बढ्दै गएको छ ।

यस्तो परिस्थितिमा कृषि विकासलाई केन्द्रमा राखेर दीर्घकालीन दृष्टिकोणसहितका नीतिगत सुधार आवश्यक देखिन्छन् । किसानलाई आवश्यक मल, बीउ, प्रविधि र वित्तीय पहुँच सुनिश्चित गर्नुका साथै उत्पादनदेखि बजारसम्मको सम्पूर्ण प्रणालीलाई व्यवस्थित बनाउनु अपरिहार्य भएको छ । सँगै, कृषि अनुसन्धान, प्राविधिक जनशक्ति परिचालन, माटो परीक्षण, यान्त्रीकरण र अर्गानिक खेतीको प्रवर्द्धनजस्ता कार्यक्रमलाई समन्वित रूपमा अघि बढाउनु जरुरी छ ।

कृषि अर्थतन्त्रलाई सुदृढ बनाउन किसानमैत्री नीति, संघीय-प्रदेश-स्थानीय तहबीच समन्वित कार्यक्रम, उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने बजार प्रणाली तथा आधुनिक प्रविधिको व्यापक प्रयोग आवश्यक छ। यस्ता सुधारलाई नीतिगत रूपमा समेटेर कार्यान्वयन गर्न सके नेपाललाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउँदै राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान उल्लेखनीय रूपमा बढाउन सकिनेछ ।

अहिलेको चुनावी नतिजासँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को नेतृत्वमा बलियो सरकार बन्दै छ । व्यवस्था परिवर्तनपछि गणितीय रूपमा यति शक्तिशाली सरकार अहिलेसम्म निर्माण भएको थिएन । यस्तो परिस्थितिमा अब बन्ने सरकारले चाहेको खण्डमा नीतिगत र कार्यान्वयनको पाटोमा निकै ठूलो रूपान्तरणकारी काम गर्न सक्छ। अर्थतन्त्रको मुख्य आधार रहेको कृषिमा ठूलो परिवर्तन गर्न सक्छ। यहाँ कृषि क्षेत्रलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा केही सुझाव प्रस्तुत गरिएको छ ।

**केही सुझाव**

१. किसानलाई रासायनिक मलको अनुदान दोब्बर बढाउनुपर्छ ।
२. फलफूल उत्पादनका लागि विदेशी बिरुवामा दिने अनुदान कार्यक्रमलाई शून्य बनाइनुपर्छ । फलफूल, तरकारी र अन्य कृषि उपजका लागि आवश्यक बीउ, बिरुवा उत्पादन गर्न क्लस्टर छनोट गरी उपयुक्त पात्र र स्थानमा उत्पादन सामग्रीमा शतप्रतिशत अनुदानको व्यवस्था गरी बीउ-बेर्नामा देशलाई आत्मनिर्भर बनाउनुपर्छ ।
३. बढी उत्पादन क्षमताको वर्णशंकर (हाइब्रिड) बीउ उत्पादनका लागि नार्कमा आवश्यक बजेट व्यवस्था गर्नुपर्छ । कृषि प्राविधिक विज्ञहरूलाई गाउँ-गाउँमा सेवा गर्न स्थानीय तहमै बसेर काम गर्ने गरी जनशक्ति बढाइनुपर्छ ।
४. कृषि विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरूलाई कम्तीमा एक वर्ष ठूला कृषि फर्ममै काम गर्नुपर्ने व्यवस्था गरिनुपर्छ र विद्यार्थीलाई खान-बस्न पुग्ने सुविधासहित बजेट उपलब्ध गराउनुपर्छ। व्यावसायिक किसानले उत्पादन गरेको उत्पादन ठाउँका ठाउँ उचित मूल्यमा खरिद गर्ने गरी संकलन केन्द्र, स्टोरेज र खरिदकर्ताको व्यवस्थापन गरिनुपर्छ ।
५. किसानलाई उन्नत र आधुनिक प्रविधिमैत्री तालिम सिकाउन प्राविधिक गाउँमै पुग्नुपर्छ र क्लस्टरमा स्थापित फर्महरूको अवलोकन गराउँदै व्यावहारिक शिक्षा दिने गरी तालिमको व्यवस्था गरिनुपर्छ । तालिमका लागि किसानले आफ्नो घर-खेत छाडेर सहरमा धाउनुपर्ने स्थितिको अन्त्य गरिनुपर्छ ।
६. मुख्य-मुख्य सडक छेउछाउमा रहेका वन-जंगल व्यापक रूपमा कटानी-फडानी गरी पूर्व-पश्चिम, उत्तर-दक्षिण जताततैका सडकनजिकको कृषियोग्य भूमिमा पशुचौपाय पाल्ने र खेती लगाउने नीति बनाएर आवश्यक बजेटको व्यवस्था गरी अभियानको रूपमा कृषि मजदुर खडा गरी परिचालन गरिनुपर्छ । खासगरी पहाडको उर्वर भूमिमा लगानी गरी ठूला-ठूला फर्म खोल्न किसान/कृषि उद्यमीलाई बजेटको अभाव हुने भएको र कृषि ऋण लिँदा धितो नै नपुग्ने भएकाले जग्गा धितो नराखी शैक्षिक योग्यताका प्रमाणपत्र र नागरिकता धितो राखी सुलभ ब्याजदरको कृषि ऋण उपलब्ध गराउने नीति बनाइनुपर्छ ।
७. कृषि औजार कारखाना सञ्चालन गरेर किसानले सामग्री खरिद गर्दा नै अनुदान प्राप्त हुनेगरी नीतिगत व्यवस्था गरिनुपर्छ, जसलाई तीनै तहका सरकारबाट दोहोरिने बनाउनुहुँदैन ।

***(भट्टराई, वरिष्ठ कृषि अर्थविज्ञ हुन् ।)***

## सामाजिक सञ्जाल



**गोविन्दराज पोखरेल**

जेनजी आन्दोलनपछि पुराना दलप्रति जनताले प्रकट गरेको मतलाई सम्मान गर्नुपर्छ । नेपाली समाज तीव्र गतिमा परिवर्तन हुँदै छ, राजनीतिक रूपले यसको अझ गहिरो विश्लेषण जरुरी छ। लोकतन्त्र व्यक्तिले होइन, प्रणालीले बलियो बनाउँछ । दलको नेतृत्वले निर्वाचन जित्दै वा हार्दैमा कसैलाई नायक वा खलनायक नबनाऔं ।



**डम्बर खतिवडा**

घण्टीले बालेन फ्याक्टरको कारण अलि धेरै भोट ल्यायो, अरू केही अनौठो भाको छैन। कांग्रेस अर्को प्रजा परिषद् र कम्युनिस्टहरू अर्को पश्चिम बंगाल बन्ने चर्चा दशकअघिदेखिकै हो । साथीहरूले पत्याएनन्। सच्चिने पनि बेला हुन्छ, समय छँदै सच्चिन पर्छ। समयले छोड्यो, कुरा यति त हो ।



**गोपी कृष्ण खनाल**

संघीय प्रणालीमा सरकारको सफलता केन्द्रीय तहबाट हुने कार्यबाट मात्र हासिल हुँदैन । तीनै तहको सक्षमता आवश्यक पर्छ। नयाँ सरकारको दीर्घकालीन सफलता २०८४मा हुने प्रदेश तथा स्थानीय तहको निर्वाचनपछि आउने नेतृत्वको क्षमतामा भर पर्नेछ ।



**शम्भू ढुंगाना**

नयाँ पार्टी नेतृत्व बनाएर चुनावमा होमिँदा कांग्रेसले 'बदल्यौं कांग्रेस, बदल्छौं देश' नाराको क्याम्पेनिङ गर्‍यो। यो क्याम्पेनिङले अघिल्लो नेतृत्व पूरै बेठिक थियो र अब ठिक भएको छ भन्न खोजेको थियो । के त्यस्तै भयो त ?

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# ललितपुरमा ६३ उम्मेदवारको जमानत जफत

**रामहरि कार्की/मध्यान्ह**
ललितपुर, २६ फागुन

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ललितपुरबाट उम्मेदवारी दिएका ६३ जनाको जमानत जफत भएको छ ।

मुख्य निर्वाचन अधिकृत पुनाराम खनालका अनुसार जमानत जफत हुनेमध्ये ४० जना विभिन्न राजनीतिक दलका उम्मेदवार र २३ जना स्वतन्त्र उम्मेदवार रहेका छन् । जमानत जफत हुनेमा संविधानसभा सदस्यदेखि निवर्तमान सांसदसम्म रहेका छन् ।

तीनवटा निर्वाचन क्षेत्र रहेको ललितपुरमा क्षेत्र नं. १ मा राजनीतिक दलका १३ जना र १२ जना स्वतन्त्र उम्मेदवार, क्षेत्र नं. २ मा राजनीतिक दलका १४ जना र ६ जना स्वतन्त्र उम्मेदवार तथा क्षेत्र नं. ३ मा राजनीतिक दलका १३ जना र ५ जना स्वतन्त्र उम्मेदवारको जमानत जफत भएको जानकारी मुख्य निर्वाचन अधिकृत खनालले दिए ।

ललितपुर निर्वाचन क्षेत्र नं. १ मा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सुनील महर्जन, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सजिना कार्की, जनता समाजवादी पार्टी नेपाल ((जसपा नेपाल))का महाविर स्याङतान तामाङ, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सरिता गोसाईं देसार, प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का रोहितकुमार बास्तोला, मंगोल नेशनल अर्गनाइजेसनका सुरेश मार्पा तामाङ, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त)का अमृतनाथ बजगाईं, नेसनल रिपब्लिक नेपालका सञ्जय घिसिङ तामाङ, श्रम संस्कृति पार्टीका गौतम थापा, नेपाल कम्युनिस्ट पार्टी (नेकपा माओवादी)का भीमसेन घिमिरे, उज्यालो नेपाल पार्टी (उनेपा)का पदमकुमार लामा, आम जनता पार्टी (आजपा) का किरण महर्जन, पिपुल फर्स्ट पार्टीका सनोज महतको जमानत जफत भएको छ ।

त्यस्तै आवश्यक मत प्राप्त गर्न नसकेका स्वतन्त्र उम्मेदवारहरू अशोक थापा, गणेशबहादुर वल तामाङ, डालनाथ तिमल्सिना, तिलकबहादुर भोलन, देबेन्द्र सिंह, धर्मराज बोहरा, भरत दुलाल, राधा कृष्ण बस्नेत, राम खड्का, विशाल तामाङ, सरोजकुमार बिष्टको जमात जफत भएको मुख्य निर्वाचन अधिकृत खनालले जानकारी दिए ।

त्यस्तै ललितपुर निर्वाचन क्षेत्र नं. २ का नेकपा (एमाले) का प्रेमबहादुर महर्जन, नेकपाका राजेन्द्र अमात्य, राप्रपाका रघुवरराज थापा, जसपा नेपालका रीहीणि कस्ती, नेमकिपाका चिरीमैया महर्जन (लाखाजु), प्रलोपाका कृष्ण महर्जन, नेशनल रिपब्लिक नेपालका खेमप्रसाद श्रेष्ठ, मंगोल नेशनल अर्गनाइजेसन पार्टीका कृष्ण महर्जन, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)का रमेश आचार्य, नेकपा (माओवादी) का अष्टराज बज्राचार्य, श्रम संस्कृति पार्टीका सरोज राई, राष्ट्रिय मुक्ति पार्टी नेपालका डोलेन्द्रराज भट्टराई, आजपाका लखिन्द्रकुमार साहको जमात जफत भएको छ । त्यस्तै जमात जफत हुनेमा स्वतन्त्र उम्मेदवारहरू उमङ्ग के.सी., ओमराज बज्राचार्य, कृष्ण खड्का, बाबुराज बज्राचार्य, मंगलकृष्ण श्रेष्ठ, रबिराज पौडेल, रवीन्द्र अमात्य रहेका छन् ।

नेकपा (एमाले)का महर्जन निवर्तमान प्रतिनिधि सभा सदस्य हुन् । त्यस्तै, ललितपुर निर्वाचन क्षेत्र नं. ३का नेकपा (एमाले)का सन्दन थापामगर, नेकपा राजकाजी महर्जन, राप्रपाका सबिनकुमार खड्का, जसपा नेपालका कृष्णदेवी महर्जन, नेमकिपाका रमिला महर्जन, प्रलोपाका विष्णुराज खड्का, राष्ट्रिय जनमोर्चाका निलगोविन्द महर्जन, मंगोल नेशनल अर्गनाइजेसन पार्टीका दिलकुमार महर्जन, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)का यज्ञप्रसाद पन्थ, नेकपा (माओवादी) का खगेन्द्र महर्जन, श्रम संस्कृति पार्टीका ऋतुवर्तन राई, संयुक्त नागरिक पार्टीका श्यामबहादुर राई, उनेपाका विजय पन्तको जमात जफत भएको छ । त्यस्तै, जमानत जफत हुनेमा स्वतन्त्र उम्मेदवारहरू अन्जुकारन्जित (थापा), अशोककुमार महर्जन, विमर्श मिश्र, राधेश्याम खड्का, रूपेश साह रहेका छन् । नेकपाका महर्जन संविधानसभा २०६४का सदस्य तथा बागमती प्रदेश सभाका पूर्वसदस्यसमेत हुन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०८२ को दफा ६४ अनुसार कुनै पनि उम्मेदवारले सम्बन्धित निर्वाचन क्षेत्रमा खसेको कुल सदर मतको कम्तीमा १० प्रतिशत मत प्राप्त गर्न नसकेमा उसको जमानत जफत हुने व्यवस्था रहेको छ । सोही प्रावधानअनुसार आवश्यक मत नल्याएका उम्मेदवारहरूको धरौटी राज्यकोषमा जम्मा हुने भएको हो ।

नियमानुसार पुरुषको भन्दा महिला उम्मेदवारको ५० प्रतिशत शुल्क कम हुने व्यवस्थाअनुसार कारण क्षेत्र नं. १का उम्मेदवार सजिना कार्की र सरिता गोसाई देसार, क्षेत्र नं. २का उम्मेदवार चिरी मैया महर्जन (लाखाजु) र रिहिणी कस्ती, क्षेत्र नं. ३ का कृष्णदेवी महर्जन, रमिला महर्जन र अञ्जु कारन्जीत (थापा)बाट पाँच हजार र अन्य पुरुष उम्मेदवारको हकमा रु १० हजारका दरले जम्मा भएको जमानत सरकारको खातामा जानेछ ।

ललितपुरका ६९ उम्मेदवारमध्ये क्षेत्र नं. १का विजयी उम्मेदवार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का बुद्धरत्न महर्जन र प्रतिस्पधर्धी उम्मेदवारहरू नेपाली कांग्रेसका उदयशमशेर राणा र नेकपा (एमाले)का चेतनाथ सञ्जेलले जमानत रकम फिर्ता पाउनेछन् । त्यस्तै क्षेत्र नं. २मा विजयी उम्मेदवार रास्वपाका जगदीश खरेल र प्रतिस्पर्धी उम्मेदवार नेपाली कांग्रेसका प्रेमकृष्ण महर्जन र उज्यालो नेपाल पार्टीका राजाराम तण्डुकारले जमानत रकम फिर्ता पाउनेछन् । क्षेत्र नं..३ मा विजयी उम्मेदवार रास्वपा डा. तोसिमा कार्की र प्रतिस्पर्धी उम्मेदवार नेपाली कांग्रेसका जितेन्द्रकुमार श्रेष्ठले जमानत रकम फिर्ता पाउनेछन् ।


## कर्णाली प्रदेश सरकार
## भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम
## करिडोर कार्यालय जुम्ला

**क्याटलग सपिङ्ग विधिबाट मोटरसाइकल खरिद गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/११/२६)**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित स्पेसिफिकेशन अनुसारका ६ (छ) थान मोटरसाइकल सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) को खण्डक (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौधौं संशोधन) को नियम ३१ ख. बमोजिम त्यस्तो सवारी साधन उत्पादक (Manufacture) कम्पनी वा सो को आधिकारिक बिक्रेता (Importer) हरु बीच मात्र प्रतिसपर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्न पर्ने भएकोले उक्त नियमावलीको नियम ३१ ख. को उप नियम (२) अनुसार देहाय बमोजिमको प्राविधिक स्पेसिफिकेशन अनुसारका मोटरसाइकल बिक्रि गर्न ईच्छुक उत्पादक (Manufacture) तथा आधिकारिक बिक्रेता (Importer) ले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा (प्रस्ताव पेश गर्ने अन्तिम दिन कार्यालय समय भित्र र सो दिन सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुलेको दिनको कार्यालय समय भित्र) सिलबन्दी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित उत्पादकवा आधिकारिक बिक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचनाको विस्तृत विवरण तथा स्पेसिफिकेशनको लागि कार्यालयको website : https://rhvapjumla.karnali.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ । सूचनामा उल्लेखित बाहेकका अन्य विषयहरु उत्पादक वा आधिकारिक बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ समेतमा उल्लेख भए बमोजिम हुनेछ ।

**तपसिल :**
१. नविकरण गरको फर्म वा कम्पनीको दर्ता प्रमाण पत्रको प्रतिलिपी,
२. मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपी,
३. आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
४. खरिद कारवाहीमा नपरेको स्व: घोषणा पत्र,
५. Technical Specification प्रमाणित गर्ने रङ्गिन ब्रोसर (Catalogue) or Data sheet,
६. यस कार्यालयबाट प्रमाणित गरी जारी भएको Technical Specification भरी पेश गर्न पर्ने,
७. मूल्य खुल्ने प्रमाणित कागजात (पत्रिकामा प्रकाशित भएको वा कम्पनीको लेटरप्याडमा आधिकारिक व्यक्तिको सहिछाँप गरि प्रमाणित गरेको कागजात,
८. कार्यालयलाई सम्बोधन गरि लेखिएको सम्बन्धित उत्पादकको Manufacture's Authorization Letter.

| Type of Vehicle | Requirement (General Specification) | Required Quantity |
|---|---|---|
| Supply and Delivery of Motorcycle | 4 stroke engines 150±10CC | 6 (Six) |

## हेलो बचत तथा ऋण सहकारी संस्था लि.
**प्रधान कार्यालय: ल.पु.म.न.पा–५, लगनखेल, ललितपुर**
**सेवाकेन्द्र: का.म.न.पा.-२३, धर्मपथ, काठमाण्डौ**

**धितो लिलाम विक्रि गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशन मिति: २०८२/११/२७

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणीले उपयोग गरेको ऋणको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा पटक पटक पत्राचार गरी ताकेता गर्दा पनि तिर्न बुझाउन नआएकोले मिति : २०८२/०७/०२ मा ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको थियो । उक्त सूचना प्रकाशन गरी ऋण भुक्तानीको आग्रह गर्दा समेत ऋणको साँवा, ब्याज तथा हर्जना समेत तिर्न बुझाउन नआएकोले संस्थाको ऋण रकम अशुल उपर गर्नका लागि ऋणको सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति (घरजग्गा) जहाँ जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्रीको लागि सहकारी ऐन २०७४ को दफा ७९ र नियमावली २०७५ को नियम ३० (घ) बमोजिम धितो बापतको सम्पत्ति लिलाम बिक्रीको लागि ३५ दिने सूचना प्रकाशन गरिएकोछ ।

अत: ३६ औं दिनको दिनमा दिउँसो ३:०० बजे संस्थाको केन्द्रिय कार्यालय, लगनखेल–५ ललितपुर कार्यालयमा डाँक बढाबढबाट लिलाम बिक्रि गर्ने भएको हुँदा उक्त जग्गा खरिद गर्न इच्छुक महानुभावहरु बोलपत्र खुल्ने दिन उपस्थित हुन सूचित गरिन्छ । डाँक बढाबढ हुने दिन ऋणीलाई समेत उपस्थितीको लागि यसै सूचना मार्फत सूचित गरिन्छ । तर कोही उपस्थित नभएको कारणले मात्र डाँक बढाबढ गर्न बाधा पर्ने छैन । सो दिन डाँक बोल्ने कुनै व्यक्ति उपस्थित नभएमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम उक्त धितो रहेको जग्गा संस्थाको नाममा दाखिल खारेज भै जाने व्यहोरा सूचित गरिन्छ । सुरक्षणमा रहको सम्पूर्ण धितो बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा निजको अन्य तथा हक लाग्ने एकाघर परिवारको घर-घराना (चल/अचल सम्पत्ती) जायजेथा तथा जमानी बस्ने व्यक्तिहरुको नाममा रहेको चलअचल जायजेथाबाट अशुल उपर गर्नुका साथै सहकारी ऐन २०७४ को दफा ८० बमोजिमको कालो सूचीमा नाम समावेश गरी दफा ८१ बमोजिम स्थापित कर्जा सूचना केन्द्रमा लेखी पठाउने समेत सूचित गरिन्छ ।

**तपशिल :**

| क.स | ऋणीको विवरण | जमानीकर्ता विवरण | धितोको विवरण |
|---|---|---|---|
| १. | ऋणीको नाम : राम प्रसाद न्यौपाने<br>ऋणीको ठेगाना : लेले -७, ललितपुर<br>ना.प्र.नं. : २२३९१<br>वावुको नाम : जोगी लाल न्यौपाने<br>बाजेको नाम : हरि प्रसाद न्यौपाने | जमानीको नाम : शिव कुमार न्यौपाने<br>ठेगाना : बज्रवाराही न.पा वडा नं. १६<br>ना.प्र.नं. : २८-०१-७३/०४६१९<br>वावुको नाम : राम प्रसाद न्यौपाने<br>बाजेको नाम : जोगी लाल न्यौपाने | ललितपुर जिल्ला चाँपागाउ गा.वि.स वडा नं. ४ नक्सा सिट नं.४ (घ) किता नं ३३६ क्षेत्रफल ०-६-०-० को घरजग्गा लगाएत लिगलगापात समेत सम्पूर्ण |
| क.स | ऋणीको विवरण | जमानीकर्ता विवरण | धितोको विवरण |
| २. | ऋणीको नाम : सरस्वती तिमल्सिना<br>ऋणीको ठेगाना : लेले -७, ललितपुर<br>ना.प्र.नं. : २०७७२<br>वावुको नाम : कृष्ण प्रसाद घिमिरे<br>पतिको नाम : कृष्ण प्रसाद तिमल्सिना | जमानीको नाम : कृष्ण प्रसाद तिमल्सिना<br>ठेगाना : लेले -७ , ललितपुर<br>ना.प्र.नं.- १६८६८<br>बुवाको नाम : गंगा प्रसाद तिमल्सिना<br>बाजेको नाम : जय नारायण तिमल्सिना | ललितपुर जिल्ला लेले वडा नं ७, नक्सा सिट नं.७(ख) कित्ता नं. ९९, १०३ क्षेत्रफल ०-३-२-०, १-४-२-० |
| क.स | ऋणीको विवरण | जमानीकर्ता विवरण | धितोको विवरण |
| ३. | ऋणीको नाम : शारदा घिमिरे<br>ऋणीको ठेगाना : सैबु - ३, ललितपुर<br>ना.प्र.नं. : ६५०५०<br>वावुको नाम : थल बहादुर घिमिरे<br>पतिको नाम : केशव दाहाल | जमानीको नाम : केशव दाहाल<br>ठेगाना : गोदावरी न.पा नं. १३, ललितपुर<br>ना.प्र.नं.- ९७१००<br>वावुको नाम : टंक प्रसाद दाहाल<br>बाजेको नाम : जोग नारायण दाहाल | ललितपुर जिल्ला चापागाँउ गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ७(ख) कित्ता नं.७७९ क्षेत्रफल ०-९-१-२ |

**शर्त बन्देजहरु :**
१. स्वीकृत गरिएको डाँकको कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा ग्लोबल आई.एम.ई बैकमा रहेको बैंक खाता नं. ३६६०१०१०००००५७ मा सोही दिनमा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।
२. लिलाम गर्न लागेको अचल सम्पत्ति निरिक्षण गर्न चाहाने व्यक्तिले कार्यालय समय भित्र सम्पर्क गरेर हेर्न सक्नु हुनेछ ।
३. डाँक बढाबढमा हुने कुनै थप शुल्क लाग्ने छैन ।

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति: २०८२/११/२७**

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा,ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालय: सिद्धार्थनगर, रुपन्देही**

**१. ऋणीहरुको नाम र ठेगाना**
१. श्री धन बहादुर बिश्वकर्मा/श्रीमती सतीस बिश्वकर्माकी नातीनी, श्री पदम बहादुर बिश्वकर्मा/श्रीमती बिष्णु बिश्वकर्माकी छोरी, श्रीमती दल बहादुर गहतराजकी पत्नी, गण्डकी प्रदेश, स्याङ्गजा जिल्ला, मनकामना गा.वि.स. वडा नं.५ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. २ बस्ने श्रीमती **सुकमाया गहतराज** (ना.प्र.नं. ४२२०१४/८४, मिति २०६७/०१/३१, जि.प्र.का., स्याङ्जा) -१
२. श्री बिजय गहतराज/श्रीमती सेती गहतराजको नातीनी, श्री शुक लाल कामी/श्रीमती रुपा गहतराजको छोरा, श्रीमती शुक माया गहतराजको पती, गण्डकी प्रदेश, स्याङ्गजा जिल्ला, मनकामना गा.वि.स. वडा नं.५ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. २ बस्ने श्री **दल बहादुर गहतराज** (ना.प्र. नं. ४२२०१४/८३, मिति २०६७/०१/३१, श्री जि.प्र.का. स्याङ्जा) -१

**जमानीकर्ताको नाम र ठेगाना**
श्री जय बहादुर थापा/श्रीमती टुल्की थापाको नाती, श्री डम्मर बहादुर थापा/श्रीमती हेमा कुमारी थापाको छोरा, श्रीमती सुनिता थापाको पति, लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, पडसरी गा.वि.स. वडा नं.१ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. २ बस्ने श्री **अशोक कुमार थापा** (ना.प्र.नं. . ८५९२, मिति २०५४/११/२६, श्री जि.प्र.का. रुपन्देही

**२. ऋणीहरुको नाम र ठेगाना**
१. श्री लक्ष्मी प्रसाद कुर्मीको नाती, श्री छेदी कुर्मी/श्रीमती रामरती कुर्मीको छोरा, श्रीमती चन्द्रमति कुर्मीको पति, लुम्बिनी प्रदेश रुपन्देही जिल्ला खुदाबागर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९ बस्ने श्री **सदानन्द कुर्मी** (ना.प्र. नं. २१२३, मिति २०४६/११/११, प्रतिलिपि मिति २०६०/०४/१०, श्री जि.प्र.का. रुपन्देही) -१
२. श्री छेदी कुर्मी/ श्रीमती रामरती कुमीको नाती श्री सदानन्द कुर्मी/श्रीमती चन्द्रमति कुर्मीको छोरा, श्रीमती एलिना खनाल को पति, लुम्बिनी प्रदेश रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९ बस्ने श्री **निरज कुर्मी** (ना.प्र.नं. ३७-०१-७५-०१६२६, मिति २०७५/०२/०६ प्रतिलिपि मिति २०७५/११/२३, श्री जि.प्र.का. रुपन्देही) -१

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. श्री छेदी कुर्मी/ श्रीमती रामरती कुर्मी की बुहारी, श्री बिशम्भर कुर्मी/श्रीमती शान्ती कुर्मी की छोरी, श्री सदानन्द कुर्मी की पत्नी लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला खुदाबागर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९ बस्ने श्रीमती **चन्द्रमति कुर्मी** (ना.प्र. नं. ३७३०४५/१०७, जारी मिति २०६३/१२/११, जि.प्र.का. रुपन्देही)
२. श्री खेमराज प्रसाद खनाल/श्रीमती कमला देवी खनालकी नातीनी, श्री राजेन्द्र प्रसाद खनाल/श्रीमती मीना पौडेल को छोरी, श्री निरज कुर्मी की पत्नी लुम्बिनी प्रदेश, पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. १० स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९ बस्ने श्रीमती **एलिना खनाल** (ना.प्र. नं. ३९-०१-७५-०३१५६, जारी मिति २०७५/०५/०७, जि.प्र.का. पाल्पा)
३. श्री छेदी कुर्मी/श्रीमती रामरती कुर्मीकी नातीनी, श्री सदानन्द कुर्मी/श्रीमती चन्द्रमति कुर्मीकी छोरी, लुम्बिनी प्रदेश रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९ बस्ने **मम्ता देवी कुर्मी** (ना.प्र. नं.३७-०१-७९-११९६४, जारी मिति २०७९/११/१७, जि.प्र.का. रुपन्देही)
४.श्री छेदी कुर्मी/श्रीमती रामरती कुर्मी की नातीनी, श्री सदानन्द कुर्मी/श्रीमती चन्द्रमति कुर्मीकी छोरी, लुम्बिनी प्रदेश रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ९ बस्ने सुश्री **सृजना कुर्मी** (ना.प्र.नं. ३७-०१-७९-११९६३, जारी मिति २०७९/११/१७, जि.प्र.का. रुपन्देही)

**शाखा कार्यालय वर्दिवास, महोत्तरी**

**३. ऋणीको नाम र ठेगाना**
**ऋणीको नाम : श्री एल.पि.ट्रेडर्स**
रजिष्टर्ड ठेगाना : महोत्तरी जिल्ला वर्दिवास न.पा. वार्ड नं. १४
रजिष्ट्रेशन नं. : २००००१/०७७/०७८ (नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी, जलेश्वर)
रजिष्ट्रेशन मिति : बि.सं.२०७७/०७/०४
पान नं. : ६१४०९१४८९

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**
श्री उत्तम सिजापती की छोरी, श्री ईश्वर प्रसाद साह की बुहारी, श्री ललन कुमार साह कि पत्नी धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १० स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिवास न.पा वडा नं. १४ बस्ने श्रीमती **प्रिती साह** (ना.प्र.नं. १७-०१-७६-००९८५, जारी मिति २०७६/०१/२२, जि.प्र.का. धनुषा) ।

**जमानीकर्ताको नाम र ठेगाना**
श्री राधा कृष्ण प्रसाद साह को नाति, श्री ईश्वर प्रसाद साह को छोरा, श्रीमती प्रिती साह को पति धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १० स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ बस्ने श्री **ललन कुमार साह** (ना.प्र.नं. १७३१०२।२१६७, जारी मिति २०६३/१२/१५, जि.प्र.का. धनुषा) ।

**४. ऋणीको नाम र ठेगाना**
श्री राधा कृष्ण प्रसाद साह को नाति, श्री ईश्वर प्रसाद साह को छोरा, श्रीमती प्रिती साह को पति धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १० स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ बस्ने श्री **ललन कुमार साह** (ना.प्र.नं. १७३१०२।२१६७, जारी मिति २०६३/१२/१५, जि.प्र.का. धनुषा) ।

**जमानीकर्ताको नाम र ठेगाना**
श्री उत्तम सिजापती की छोरी, श्री ईश्वर प्रसाद साह की बुहारी, श्री ललन कुमार साह कि पत्नी धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १० स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिवास न.पा वडा नं. १४ बस्ने श्रीमती **प्रिती साह** (ना.प्र.नं. १७-०१-७६-००९८५, जारी मिति २०७६/०१/२२, जि.प्र.का. धनुषा) ।

Citizens Bank
**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR

## अधिकतम खुद्रा बिक्री मूल्य सूचना

*यस कम्पनीबाट चीनबाट आयात गरिएको इलेक्ट्रिक मिनी बस बिक्री मूल्य (MRP) सम्बन्धी विवरण*
**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) विवरण**

| सि. नं. | सामानको विवरण | ब्राण्ड | मोडेल | सिट क्षमता | वर्ष | प्रति इकाई | अधिकतम खुद्रा मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|
| 1 | Electric Minibus | Shaolin | CEP-02A | 15 seats | 2026 | 1 | 55,01,899.39 |
| 2 | Electric Minibus | Shang Hai Sunlong | 6DEV | 16 seats | 2026 | 1 | 74,05,010.38 |

**बिक्रेता कम्पनीको नाम : ई.भी. राईड प्रा. लि.**
ठेगाना: वालुवाटार, काठमाडौं नेपाल
PAN No. 610384305 Contact : 9705414265 Exim code: 6103843050162NP

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

हरि नारायण श्रेष्ठको नाति, न्हेछे लाल श्रेष्ठको छोरा, रामेछाप जिल्ला, खाँडादेवी गा.पा. वडा नं. ०७ बस्ने, यस बैंकको चापागाउँ शाखा कार्यालयको खातावाला जगत बाहादुर श्रेष्ठको मिति २०८२/०८/१८ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा हरी कृष्ण श्रेष्ठले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## साधारण सभा सम्बन्धी सूचना

**(प्रकाशित मिति: २०८२/११/२७)**

यस मञ्चको साधारण सभा निम्न अनुसार हुने भएकोले सम्पूर्ण सदस्यहरुमा बिनम्र जानकारी गराईन्छ ।

**मिति – चैत्र १४ गते, शनिबार**
**स्थान – ए वन क्याफे शंखमुल, काठमाडौं**
**नोट** – सदस्यता नवीकरण, मासिक लेबि तथा नयाँ सदस्यता वितरणको अन्तिम मिति फाल्गुन मसान्त रहेको हुनाले समय अवधि भित्र दुरुस्त नरहेका सदस्यहरु साधारण सभामा सहभागी हुनबाट बन्चित रहने छन् ।

**नेपाल राष्ट्रिय सुनचाँदी व्यवसायी मञ्च काठमाडौं**
(केन्द्रीय कार्य समिति)

## Cyprus मा रोजगार | 1. Christina Vasiliou Employment Services, Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०८१/०९/०७ चलानी नं. ६०२३०१०७ LT.No. 315646 पून:विज्ञापन

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 03 | - | स.काममा दक्ष | 700 | ११९,९९०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Agriculture | - | 01 | | 465 | ७९,२४०।- | | | | | | | |

**2. Red Panda Employment Private Employment Agency, Limassol, Cyprus**

पूर्व स्वीकृती मिति २०८१/०२/२९ चलानी नं. ६०२२११६२ LT.No. 306151 पून:विज्ञापन

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 07 | - | स.काममा दक्ष | 750 | ११९,९९०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Agriculture | 05 | 05 | | 500 | ८५,२०५।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रू. ७००।- | कामदार स्वयं रू. १५००।- | रु. ३५,०००/- |

**अन्तर्वार्ता २०८१ चैत्र ४ गते (18 March, 2026) मेनपावर कार्यालय गोगंबुमा हुनेछ ।**

S.R.C. Job Placement Pvt. Ltd. Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com

## युएईमा रोजगार

कम्पनी : UNITED PRECAST CONCRETE DUBAI L.L.C शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०६/११ चलानी नं.: ६०२२५९३३ LT. No.:311452 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labour(Builder) | 10 | 0 | स. काममा दक्ष | 800 | ३२,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UNITED PRECAST CONCRETE DUBAI L.L.C शहर:UAE
पूर्व स्वीकृत मिति: २०८१/१०/३० चलानी नं.: ६०२३२९४१ LT. No.:318787 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 96 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३२,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steel Fixer | 25 | 0 | | 1200 | ४८,१६८ | | | | | | | |
| 3. | Concrete Masons | 18 | 0 | | 1200 | ४८,१६८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ४ गते (18 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Noor Opportunities Overseas Pvt. Ltd.
Gov Lic No: 125/055/056
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np

## मलेसियामा रोजगार

कम्पनी : LTK MELAKA SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०३/१९ चलानी नं.: ६०२४०५५४ LT. No.: 326633 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Maintainance Mechanic General | 15 | 0 | स. काममा दक्ष | 1700 | ६३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ४ गते (18 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

SAMYOG OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं. १७६/०६७/०६८
तिनकुने, काठमाडौं, नेपाल,फोन: ४११२३९८, ४११२३९९, फ्याक्स:४११२३९९
Email: samyogoverseas@hotmail.com, Web: www.samyogoverseas.com

## मलेसियामा रोजगार

कम्पनी: TIARANASA GUARDFORCE TS SENDIRIAN BERHAD शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०७/०२ चलानी नं.: ६०२४६३५८ LT. No.: 332271 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 80 | 0 | स. काममा दक्ष | 1700 | ६३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ४ गते (18 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु १,५०० रोजगारदाताले | नि:शुल्क |

TILICHO OVERSEASE PVT.LTD. Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9851097971
Email : tilichooverseas@gmail.com

# उदिप्तीलाई ‘नेसन्स गट ट्यालेन्ट’को उपाधि




**काठमाडौं/एजेन्सी–** एएनपी मिडिया हाउसद्वारा आयोजित बालबालिकामुखी नृत्य रियालिटी सो ‘नेसन्स गट ट्यालेन्ट (राष्ट्को प्रतिभा) सिजन–२’को उपाधि डोटीकी उदिप्ती रावलले जितेकी छन् । ग्राण्ड फिनालेमा उत्कृष्ट प्रस्तुति दिँदै उनले नगद १ लाख रुपैयाँसहित उपाधि जितेकी हुन् ।

प्रतियोगितामा म्याग्दीकी सुप्रिया थापा फर्स्ट रनर्सअप घोषित भइन् । उनले नगद ६० हजार रुपैयाँ पुरस्कार प्राप्त गरिन् । त्यसैगरी सोलुखुम्बुकी पाशाङ ल्हामु शेर्पा सेकेन्ड रनर्सअप बन्न सफल भइन् र उनले ४० हजार रुपैयाँ पुरस्कार प्राप्त गरिन् । यस्तै, कालिकोटकी स्रीका शाही थर्ड, भक्तपुरकी जलादी खड्का फोर्थ तथा महोत्तरीकी श्रृयाना घिसिङ फिफ्थ रनर्सअप घोषित भए । उनीहरूलाई जनही १० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ । प्रतियोगिताका सबै विजेतालाई भोटिङ पार्टनर एभेनतोज कम्पनीले थप १० हजार रुपैयाँ बराबरको शैक्षिक पुरस्कार पनि प्रदान गरेको छ ।

ख्यातिप्राप्त हास्यव्यंग्यकार, अभिनेता तथा संगीतकार मदनकृष्ण श्रेष्ठ र नृत्य निर्देशक वसन्त श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न ग्राण्ड फिनालेमा नृत्य निर्देशक कमल राई र नृत्य निर्देशक तथा फिल्म सम्पादक-निर्देशक राजु शाह विशिष्ट अतिथिका रूपमा सहभागी थिए ।

